जि.प्र.का.झापा द.नं.६१। ०५७/०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

# दैनिक पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com



शासक बढलियो, शोषण उस्तै

सुलोचना

पृष्ठ २

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

**A-One इटाको नयाँ उत्पादन बजारमा**

**अत्याधुनिक प्रविधिबाट उत्पादित सिद्धकाली ब्रिक्स प्रा.लि. कमल-१ सोलमारीमा ठूलो साइजको A–One इटाको बुकिङ खुल्ला गरिएको छ ।**

भद्रा सम्पर्क : **विष्णु कार्की**
९८५२६७०३०५/९८०२६२६५५/९८१६३१३२७१

**म्यानेजर**
९८०२६२६६४०

दमक सम्पर्क : **लुसन कार्की**
९८०२६२६६२८/९८५२६२६६२८

❑ वर्ष-२० ❑ अंक - १२२ ❑ २०८२ वैशाख १९ गते शुक्रबार ❑ Friday 02 May. 2025 ❑ मूल्य ७ /-

**संक्षेप**

## परीक्षामा सहयोग गर्न अपील

**दमक/** राष्ट्रिय परीक्षा बोर्डले आगामी वैशाख २१ गतेदेखि सञ्चालन हुन लागेको कक्षा १२ को परीक्षा सञ्चालनका लागि सहयोग गर्न सबैलाई अपिल गरेको छ। बोर्डले बिहीबार एक विज्ञप्ति जारी गर्दै परीक्षा तोकिएकै समयमा मर्यादित, व्यवस्थित र शान्तिपूर्णरुपमा सञ्चालनका लागि सहयोग गर्न सबैलाई अपिल गरेको हो ।

## रतुवामाईका मोचीहरु सम्मानित

उर्लाबारी/ मोरङको रतुवामाई नगरपालिकाले नगरक्षेत्रका मोचीहरूलाई बिहीबार सम्मान गरेको छ। रतुवामाई ७ स्थित सिंजुवा स्वास्थ्य चौकी परिसरमा सडक किनारमा बसेर जुत्ता चप्पल, छाता, टर्च लगायतका सामग्री मर्मत गर्ने नौ जना मोचीहरूलाई अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा सम्मान गरिएको हो। सम्मानितहरूलाइए चार वटा प्लास्टिकका पिरा, ठुलो छाता, टी सर्ट र मर्मत सामग्री राख्ने जस्ताको बाकस प्रदान गरेका छन् ।

## फार्मेसी सञ्चालक पक्राउ

**बिर्तामोड/** झापा प्रहरीले सीमावर्ती बाह्रदशी गाँउपालिकाको फूलबारीमा रहेका एक फार्मेसीकी सञ्चालकलाई प्रतिबन्धित तथा नियन्त्रित लागुऔषधजन्य औषधिसहित पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय झापाका अनुसार पक्राउ पर्नेमा बाह्रदशी-५ फूलबारीकी ३९ वर्षीया बन्दना पोखरेल रहेकी छन्। उनलाई बुधबार साँझ पक्राउ गरिएको हो। पोखरेलद्वारा सञ्चालित विक्रम विकास मेडिकलबाट प्रतिबन्धित ट्रामाडोल ७९५ ट्याब्लेट, नियन्त्रित औषधिहरु एन्टी कोफ ४७० ट्याब्लेट र डिक्लोमिन ३९८० ट्याब्लेट बरामद गरिएको प्रहरीले जनाएको छ।

### दुई दिने लगानी सम्मेलन सुरु

# विराटनगरमा विदेशी लगानीकर्ताको मेला

**विराटनगर/** कोशी प्रदेश सरकारले आयोजना गरेको लगानी सम्मेलन विराटनगरमा सुरु भएको छ । दुई दिने सम्मेलनको प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरे ।

उद्घाटन सत्रमा बोल्दै मुख्यमन्त्री हिक्मतकुमार कार्कीले लगानीकर्ता र निजी क्षेत्रको वारेश बन्न कोशी प्रदेश सरकार तयार रहेको विश्वास दिलाए । उनले कोशी प्रदेशमा आएका लगानीलाई सुरक्षित गर्न र लागनीका लागि भएका झन्झटहरू अन्त्य गर्न प्रदेश सरकारले विभिन्न ८ वटा कानुनहरू अध्यादेशमार्फत संसोधन गरेको जानकारी दिंदै प्रदेश सरकारबाट हुने कामहरू तुरून्तै गरिने र संघीय वारेस बनेर सहजिकरण गर्ने दाबी गरे ।

सम्मेलनमा चीन, रूस, अमेरिका, दक्षिण कोरिया, भारत लगायतका देशका सयौं लगानीकर्ता विराटनगर आइपुगेका छन् । गैरआवासीय नेपाली र स्वदेशी लगानीकर्ताको पनि बाक्लो जमघट छ । सम्मेलनमा मधेश र कर्णाली प्रदेशका मुख्यमन्त्रीको पनि उपस्थिति छ ।

लगानी सम्मेलनमा प्रदेश सरकारले १ खर्ब ७३ अर्ब ४९ करोड बराबरका



७१ वटा परियोजना सोकेसमा राखेको छ । जसमा कृषि, पर्यटन, ऊर्जा, उद्योग, पूर्वाधार, आईटी र फोहोर प्रशोधन लगायतका क्षेत्रका आयोजना समेटिएको लगानी प्राधिकरण कोशीका प्रमुख कार्यकारी निर्देशक डा. सरोज कोइरालाले बताउनुभएको छ । सम्मेलनमा २ दर्जनभन्दा बढी परियोजनामा सम्झौता नै हुने लगानी प्राधिकरणको दाबी छ ।

सम्मेलनमा पर्यटनसम्बन्धी १५ वटा परियोजना राखिएको छ । कृषिका ९, पूर्वाधारतर्फ १४, उद्योगहरु ९ वटा, ऊर्जा क्षेत्रका ९ वटा योजनाहरु राखिएको छ । लगानीकर्तालाई आकर्षित गर्न प्रदेश सरकारले नीतिगत प्रतिविद्धतासमेत गरेको छ । प्रदेशभित्रका कृषि, उद्योग, पर्यटन, पूर्वाधार र जलस्रोतसँग सम्बन्धित सम्भाव्य आयोजना वा परियोजनाको सूची तयार गरी तिनको प्राविधिक एवं आर्थिक अवस्थाको विश्लेषणसहित बाँकी ४ पेजमा ▸▸

# शिक्षकहरुको आन्दोलन टुंगियो आजदेखि देशभरका विद्यालय खुल्ने

दमक । विगत २९ दिनदेखि चलिरहेको शिक्षकहरूको आन्दोलन टुंगिएको छ । बुधबार राति बसेको मन्त्रिपरिषद्को बैठकले सरकार र शिक्षक महासंघबीच भएको ९ बुँदे सहमतिलाई अनुमोदन गरेपछि शिक्षकहरूको आन्दोलन टुंगिएको हो ।

राति साढे ८ बजे मन्त्रिपरिषद्ले स्वीकृत दिएपछि ९ बजे आयोजित संयुक्त पत्रकार सम्मेलनमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले सोको जानकारी गराएका हुन् ।

आन्दोलन फिर्ता भएसँगै भोली शुक्रवारबाट विद्यालय खुल्ने भएका छन् । बिहीबार सार्वजनिक बिदा परेकोले विद्यालय आजबाट खुल्ने भएका हुन । आइतबारबाट कक्षा १२ को परीक्षामा सबै शिक्षक सहभागी हुनेछन् । महासंघ र मन्त्रालयबीच ९ बुँदे सहमति भएपछि मन्त्रिपरिषद्को बैठकले माग सम्बोधन गरेको हो । बुधबार दिउँसोबाट करिब ५ घण्टासम्म चलेको वार्ताले उक्त निस्कर्षसहित समझदारी भएको हो ।

महासंघको चारदिन अघि बसेको बैठकले सहमतिको लागि ९ वटा बुँदा तयार गरेको थियो । त्यसबाहेक शिक्षा ऐन जारी गर्नुपर्ने मुख्य माग थियो । वार्तामा महासंघका अध्यक्ष सुवेदीदले ९ बुँदे माग अघि सार्दै त्यो नै आफूहरूको अन्तिम माग भएको र उक्त माग पूरा नगरे आन्दोलन नरोक्ने अडान लिनुभएको थियो । सहमतिलगत्तै मन्त्रीहरुले प्रधनमन्त्री केपी शर्मा ओलीलाई जानकारी गराएका थिए ।

बैठकमा महासंघले सबै शिक्षक-कर्मचारीको स्वास्थ्य उपचार गर्न सातओटै प्रादेशिक अस्पताल र काठमाडौंस्थित निजामती अस्पतालमा सहुलियत र सुविधाको व्यवस्था गर्नुपर्ने, राहत, अस्थायी र करार, साविक उमावि, सिकाइ अनुदान, प्राविधिक धार र विशेष शिक्षा, बाल विकास सहजकर्तालगायत सबै अस्थायी प्रकृतिका शिक्षक तथा विद्यालय कर्मचारीको बिरामी बिदा सञ्चित हुने र त्यो वापतको रकम अवकाशको बखत एकमुष्ठ प्रदान गर्ने, प्रारम्भिक बाल विकास सहजकर्ता ९बाल विकास शिक्षक० र विद्यालय कर्मचारी लेखापालको लागि खरिदारसरह दरबन्दी कायम गरी सो पदबमोजिम प्रतिमहिना ३२ हजार, सय २ रूपियाँ र कार्यालय सहयोगी हकमा श्रेणीविहीन कर्मचारीसरह प्रतिमहिना २६ हजार ८२ रूपियाँ संघीय सरकारले बेहोर्नेगरी उपलब्ध गराउने उल्लेख छ ।

त्यस्तै, संस्थागत विद्यालयका शिक्षक र कर्मचारी र सामुदायिक विद्यालयका निजीस्रोतका शिक्षकका लागि अनिवार्य योगदानमा आधारित सामाजिक सुरक्षा कोषको व्यवस्था गर्ने, नेपाल सरकारको मर्यादाक्रममा शिक्षकलाई पनि समावेश गर्ने, यसरी समावेश गर्दा विश्वविद्यालयका शिक्षक सँगै रहेका छन् । महासंघद्वारा सञ्चालन गरिएको आन्दोलन चलिरहेको बखत प्रधानाध्यापक, शिक्षक र कर्मचारीलाई स्थानीय तहले जथाभावी सरूवा गर्ने तथा तलब भत्ता नदिने भनी धम्काउने काम गर्न थालेका छन् । यस्ता सबै काम कारबाही बदर गरिनुपर्ने उल्लेख छ । ती माग पूरा भएमात्र आन्दोलन फिर्ता लिने र २१ गतेबाट सञ्चालन हुने कक्षा १२ को परीक्षामा सहभागी हुने जनाउने सहमति भएको छ ।

शिक्षकहरूले बाँकी ४ पेजमा ▸▸

# छुट्टाछुट्टै दुर्घटनामा दुईको मृत्यु

**दमक/** झापाका छुट्टाछुट्टै दुर्घटनामा परी एक बालकसहित दुईजनाको मृत्यु भएको छ । बिहीबार बिहान गौरीगंज गाउँपालिका वडा नम्बर २ बाहुन टोलस्थित भित्री सडकखण्डमा मे १ त ६२०० नम्बरको ट्र्याक्टर बाहुन टोलबाट पूर्व चियाबगानतर्फ जाँदै गर्दा ट्र्याक्टर चालक सोही ठाउँ बस्ने ३८ वर्षीय सैला मुर्मुका छोरा अन्दाजी ८ वर्षीय देवराज मुर्मु झर्ने क्रममा अचानक लडेका थिए । नाक र छातीमा चोट लागेर घाइते भएका बालकलाई दमक हस्पिटल एण्ड रिसर्च सेन्टर पुर्याई चेकजाँच गर्दा डाक्टरले मृत घोषणा गरेका थिए । बालकको शव घर ल्याई राखिएको प्रहरी चौकी कोरोबारीमा जानकारी गराउनसाथ प्रहरी टोली खटिएको छ । थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय गौरीगंजबाट टोली समेत खटिएको जनाइएको छ ।

त्यस्तै दुई दिनअघि बुद्धशान्ति गाउँपालिका वडा नम्वर -४ बर्नेमा बोलेरो पिकअपको ठक्करबाट घाइते मोटरसाइकल चालकको उपचारका क्रममा मृत्यु भएको छ । मंगलवार बर्नेस्थित मेची राजमार्गमा इलामबाट बिर्तामोडतर्फ आउँदै बाँकी ४ पेजमा ▸▸

# बिमा सुविधा ठाउँ सर्दा पनि पाउने

**दमक/** आफू रहेकै ठाउँमा प्रस्थान विन्दु कायम गर्ने गरी स्वास्थ्य बीमा नियमावली संसोधन भएको छ । अब स्वास्थ्य बीमा गर्नेहरूले आफू बसेकै ठाउँमा प्रस्थान विन्दु कायम गरेर सुविधा लिन सक्ने भएका छन् ।

आफू रहेकै ठाउँमा प्रस्थान विन्दु कायम गर्ने गरी स्वास्थ्य बीमा नियमावली संसोधन गर्ने स्वास्थ्य तथा जनसत्त्या मन्त्री प्रदीप पौडेलको प्रस्ताव मन्त्रिपरिषद्को बैठकले स्वीकृत गरेको हो ।

यसअघि मन्त्री पौडेलले स्वास्थ्य बीमामा सहजताका लागि बीमा गरेको ठाउँबाट अन्त गएका व्यक्तिले आफू बसेकै ठाउँमा प्रथम विन्दु कायम गर्न सक्ने व्यवस्था मिलाउने प्रतिबद्धता जनाएका छन् ।

त्यसअनुसार मन्त्रालयले नियमावली संसोधन प्रस्ताव लगेकामा हिजोको बैठकले स्वीकृत गरेको मन्त्री पौडेलले जानकारी दिए । यसबाट रेफर लिनका लागि बीमा गराएकै ठाउँमा पुग्नुपर्ने झन्झट नहुने भएको छ । स्वास्थ्य बीमामा आवद्ध हुने धेरै नागरिकले यस्तो व्यवस्था गर्न माग गर्दै आएका थिए ।

त्यसैगरी, स्वास्थ्य बीमाको सेवा लिनका लागि तीन महिना पर्खनुपर्नेमा अब एक महिनाभित्रै सेवा लिन सकिने भएको छ । यसले सेवा लिनका लागि थप सहजता प्रदान गर्ने मन्त्री पौडेलले बताए । पछिल्लो संसोधनअनुसार अब सबै तहमा स्वास्थ्य बीमाको प्रथम सेवा विन्दु कायम हुनेछ ।

अहिले स्वास्थ्य बीमा सबै तहमा पुगे पनि प्रथम सेवा विन्दु भने सबै तहमा छैनन् । अब संसोधनअनुसार हरेक तहमा त्यस्तो व्यवस्था हुनेछ । यसले बीमामार्फतको आधारभूत सेवा लिनका लागि टाढा जानुपर्ने अवस्थासमेत अन्त्य हुने अपेक्षा गरिएको मन्त्री पौडेलको सचिवालयले जनाएको छ ।

# एक पोका रगत अब चार जनालाई प्रयोग गर्न मिल्ने



**भद्रपुर/** नेपाल रेडक्रस सोसाइटी झापा शाखाले अत्याधुनिक ल्याबसहितको रक्तसञ्चार सेवा सञ्चालनमा ल्याएको छ ।

रेडक्रस झापा शाखाको बिहीबार ५१ औं वार्षिक साधारणसँगै अत्याधुनिक ल्याबसहितको रक्तसञ्चार सेवा सञ्चालनमा आएको हो । झापा शाखाले रु ७५ लाखको लागतमा अत्याधुनिक ल्याबसहितको रक्तसञ्चार सेवा सञ्चालनमा ल्याएको झापा शाखा सभापति लोकराज ढकालले जानकारी दिए । अब एक पोका रगतबाट तीन-चार जनाको आवश्यकता पूर्ति गर्न सकिने उनले बताए ।

"रगतका विभिन्न तत्वलाई छुट्याउने कम्पोनेन्ट मेसिन स्थापना गरिएको छ", उनले भने, "जसबाट रातो रक्तकोष, सेतो रक्तकोष, प्लेट्लेस र प्लाज्मालाई छुट्याउन सकिन्छ, जसलाई जे आवश्यक छ अब त्यही दिन सकिन्छ ।"

कोशी प्रदेशमै 'पहिलो' अत्याधुनिक ल्याब स्थापना भएको बताउँदै उनले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत निर्माण व्यवसायी महासंघको रु ६० लाख र रेडक्रस झापाको रु १५ लाख गरी रु ७५ लाखको लागतमा ल्याब बाँकी ४ पेजमा ▸▸

# सिलिण्डर होम डेलिभरीबाटै राम्रो आम्दानी गर्दै सिवाकोटी

**बिर्तामोड/** विदेशको मोह त्यागेर ग्यास सिलिण्डरको होम डेलिभरी दिंदै आएका बिर्तामोडका गोविन्द शिवाकोटीले राम्रो आम्दानी गरिरहेका छन् । ग्यास सिलिण्डर डेलिभरी ब्वाईको रूपमा चिनिएका सिवाकोटीले राम्रो आम्दानी गर्न थालेपछि विदेश जाने चक्कर पनि छोडिदिएको बताउँछन् । उनले भने- विदेशको भन्दा राम्रो आम्दानी यहि भईरहेका छ किन विदेश जानु ?

आफन्तको सहयोगमा पहिला काम गरेर, सिकेर २ वर्षको अनुभवपछि मेची ग्यासको डेलिभरी सुरू गरेको उनले बताए । फोनबाट उनलाई ग्यास माग्ने गरेका छन् । ग्यास मागे अनुसार पालैपालो पुऱ्याउने गरेको शिवाकोटी बताउँछन् । विदेश जान हातमा राम्रो सीप नभए अध्ययन चाहिने रहेछ- उनी भन्छन्, हामी जस्ता पढाई नभएकाहरूलाई यतै फाइदा छ ।

दैनिक २० देखि ३० वटा सिलिण्डर पुऱ्याउदै आएका उनले अधिकतम् ५० वटासम्म सिलिण्डर पुऱ्याउने गरेका शिवाकोटीले मासिक ५० हजार कमाउने गरेको बताउँछन् । काम गर्न लाज नमान्ने हो भने यहि राम्रो आम्दानीका बाटाहरू धेरै भएको उनी बताउँछन् । चोरेर, ढाँटेर, ठगेर खान नहुने तर मेहनत गरेर खान लजाउन नुहने तर्क उनको छ । उनी थप्छन्- एउटा सिलण्डर घर पुऱ्याए वापत रू.५० मैले पाउने हो तर कति ग्राहले आफुलाई ३ सयसम्म दिने गरेको उनी खुलाउँछन् । फोनकै भरमा ग्यास पुराउने, भट्टी चुलो मर्मत गर्ने शिवाकोटीले ग्राहक नरिसाउन् बाँकी ४ पेजमा ▸▸



# श्रीकृष्ण प्रणामी सत्सङ्ग सेवा परिषद् झापाको नयाँ नेतृत्व

**सुरुङ्गा/** श्रीकृष्ण प्रणामी सत्सङ्ग सेवा परिषद झापाको नयाँ नेतृत्व चयन भएको छ । विहिबार कन्काईस्थित कोटीहोममा सम्पन्न ५६ औं साधारणसभा एवं जिल्ला अधिवेशनबाट बिष्णु प्रसाईको अध्यक्षतामा नयाँ कार्यसमति चयन भएको हो ।

सर्वसम्मत निवाचित समितिको निवर्तमान अध्यक्षमा मिलन बस्नेत र सदस्यहरुमा मुरलीप्रसाद कोईराला कालीप्रसाद रिजाल, दिपेन्द्र अधिकारी सिताराम पोखरेल, नरेन्द्रप्रसाद मैनाली, दिपक दाहाल, खड्गबहादुर बिष्ट, राजेश शिलवाल, दुर्गाप्रसाद पाण्डे, निर्मलकुमार प्याकुरेल, गोपाल कृष्ण मैनाली, महेन्द्र पोखरेल, देबिप्रसाद खनाल, लक्ष्मीप्रसाद उप्रेती, मोहनप्रसाद उप्रेती चुनिएका छन् ।

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय दमक झापाको**

**सहायक स्टुडियो फोटोग्राफर तालिम लिन चाहनेहरूका लागि सुचना**

दमक नगरपालिकाले १६० घण्टे सहायक फोटोग्राफर तालिम सञ्चालन गर्ने लक्ष्य लिएको हुँदा देहायको योग्यता भएका दमकवासी नेपाली नागरिकहरुबाट मिति २०८२/०१/२३ गते दमक नगरपालिकामा कार्यलय समयभित्र दरखास्त बुझाउनु हुन आव्हान गरीन्छ ।

**योग्यता:**

१. उमेर : ३० वर्ष ननाघेको ।
२. आधारभुत कम्प्युटर कोर्श गरेको ।
३. SEE वा SLC उत्तीर्ण भएको ।
४. दमक नगरपालिकाको स्थायी बासिन्दा भएको ।

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



# सम्पादकीय

## श्रमिकको सम्मान

मे दिवस अर्थात १३६ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस बिहीबार मनाइयो । विभिन्न दलसम्बद्ध मजदुरहरू ठूला ठूला भाषनी हलमा छिरेर नेताका कुरा सुन्ने बाहेक अरू कुनै उपलब्धी देखिएन । बरू बाहिर सानासाना समूहमा छरिएर गरिएका सामाजिक अभियानले दिवसको सार्थकता देखायो । नेपालमा यो दिवस मनाउन थालिएको २००७ साल देखि नै हो । शासकको गलत रवैयाका विरूद्धमा बहुदलको नारा घन्काउँदै मजदुरबाटै सुरू गरिएको आन्दोलनको फल यतिखेर मजदुरलाई यसो गोरेटोको आश्वासन देखाउँदै गणतन्त्रको खोलभित्र लुकेर नेताहरू खाईरहेका, ऐस(आसाम र मोजमस्ती गरिरहेका छन् । लोकतान्त्रिक गणतन्त्रको फेटा गुथेर पुराना केही नेताले गरेका राम्रा काम भज्याएर शासक बन्नै नसक्ने क्षमताका धनीहरूले नै यतिखेर राज्यको बागडोर समाएर रजगज गरिरहेका छन् । अलोकतान्त्रिक जहाँनिया तौरतारिकाबाट सीमित दलका नेतामुखी शासन व्यवस्था अंगिकार गरेपछि सडकमा नारा लगाउने र उनीहरूको विरोध गर्नेहरूको कमी छैन । तर पनि उनीहरू निडर छन । कसैलाई मान्नेपक्षमा छैनन । गाली गर्नु र प्रतिशोध साँधेर राज्य शक्तिको दुरूपयोग गर्दै नागरिकलाई हिरासतमा पठाएर अपराधी करार गर्नु नै तिनीहरूको दिनचर्या बनेको छ ।

कोशी प्रदेशको विराटनगरबाट राणाहरूका विरूद्धमा विगुल फुक्दै जुट मिलका मजदुरहरूले सुरू गरेको मे दिवस अर्थात १३६ औं अन्तर्राष्ट्रिय मजदुर दिवस वर्षौवर्ष मनाइसकिएको छ । तिनै मजदुहरूको आवाजले ढलेको राणा शासन र त्यसपछिका परिवर्तनबाट नेताहरू (तत्कालिन मजदुर) मालामाल मालिक नै भए भने मजदुरहरू अझ शोषित र पीडित उही अवस्था र उहि परिवेशमा छन् । मजदुरको आन्दोलन मजदुरका लागि अभिषाप र नेता र तिनका आसेपासे र झेलेका लागि मात्र फलिफाप भएको देखिन्छ । नेपालको प्रजातन्त्र र मजदुर आन्दोलन एक अर्काका परिपूरक भए पनि ति आम मजदुरहरू वेवास्ताको शिकार भएको देखिन्छ ।

मजदुर दिवसको रूपमा मनाइने यो पर्वको पृष्ठभूमि श्रमिक आन्दोलनसँग गहिरो रूपमा जोडिएको छ । जसले १९ औं शताब्दीको औद्योगिक क्रान्तिपछिको सामाजिक र आर्थिक अत्याचारविरूद्ध बुलन्द आवाजले आज परिवर्तनको प्रत्याभूत गराएको छ । विश्वमा नै हेर्ने हो भने सन् १८८६ को मे १ मा अमेरिकाको सिकागो सहरमा हजारौं मजदुरहरूले उत्पीडनका विरूद्धमा गरेको आन्दोलनलाई दबाउन गरिएका प्रयत्नको प्रतिफल नै यो दिवसको प्रादुभाव थियो ।

त्यसैको स्मरणमा नेपालमा पनि श्रमिकहरूले स्वतन्त्रतासहितका मुद्दा लिएर प्रजातन्त्रका लागि लडेको दिनको रूपमा मनाउने गरिन्छ । मे दिवस केवल श्रमजीवी र भुइँमान्छेहरूको एउटा पर्व मात्रै होइन, यो त महान श्रमिकहरूको संघर्ष, बलिदान र मानव श्रमको सम्मानको प्रतीक हो। नेपालको परिपेक्षमा त प्रजातन्त्र र लोकतन्त्रको दर्बिलो आधार स्तम्भ पनि हो । राजनीतिक लक्ष्य प्राप्तिमा प्रयोग गरिएका नेपालका मजदुरहरूको गरिखाने ठाउँ नहुने र भएकालाई न्याय गर्न नसक्नु नै अहिलेको शासकको सबैभन्दा ठूलो मजदुर पक्षको भुल भएको छ ।

श्रमको सम्मान र उचित व्यवस्थापनविना कुनै देशको विकास सम्भव देखिँदैन र हुँदैन । विकासका हरेक सूचकहरू श्रमिकसँग जोडिएका हुन्छन् । बाटाघाटा, पुलपुलेसा, टावर वा सुविधाका लागि जेजे बनाइए पनि श्रमिकको स्तरोन्नति छैन भने त्यसले काम दिँदैन । उत्पादनका साधन भूमि, पुँजी, प्रविधिलाई श्रम सिञ्चनपछि मात्र त्यसले वस्तु वा सेवाको उत्पादन गर्छ । ज्ञान, सिप, दक्षता र तालिमले श्रमको गुणात्मक क्षमता बढ्छ । वैदेशिक रोजगारीमा गएका अधिकांश श्रमिक कम दक्ष भएको गुनासो आउने गरेको छ । दक्ष श्रमिकले मात्र राम्रो अवसर पाउन सक्छन् । देशभित्रै पनि शिक्षा र तालिमको सम्बन्ध श्रम बजारसँग प्रभावकारी रूपमा जोड्न सकिएको छैन । यसले एकातिर देशभित्र बाह्य श्रमिक तथा कामदार आएर आयआर्जन गरिरहेका छन् । श्रम सम्मान तथा व्यवस्थापनको फराकिलो आयाम नै अगाडि बढ्ने आधार हो । सरकारका नीति र योजना त्यसतर्फ अग्रसर हुनु वाञ्छनीय छ ।

पत्रकारिता क्षेत्रमा काम गर्ने राष्ट्रको चौथो अंकको हालत उस्तै छ । मालिकहरूको छायाँमा सरकार परेर केही गर्न सकिरहेको छैन । श्रमजीविपत्रकारहरू आज पनि तलबको लागि लडिरहेकै छन् । यता स्वास्थ्यकर्मी, नर्सलगायत सानो या ठूलो सबै क्षेत्रका मजदुरहरूको अवस्था दयनीय बनेको छ । ति श्रमिकको पक्षमा सरकार नउभिनु भनेको जनताको पक्षमा नहुनु नै हो भन्ने यथार्थ अब बुझ्न कठिन छैन । किनकी घरघरमा काम नगरी खान पुग्ने अवस्था कसैको छैन । जबसम्म श्रमिकमारा, सामन्ती, तानाशाही, नातावाद र कृपावाद अनि गुटहरूमा रमाउने प्रवृत्ति बोकेका राजनीतिक नेतृत्व सत्ता र शासनमा हावी हुन्छन्, त्यसबेलासम्म भुइँमान्छेहरूले मनाउने यस प्रकारका दिवसको औचित्य पुष्टि हुनै सक्दैन । हातमुख जोड्न सक्ने अवस्था बदल्न सक्ने ल्याकत सरकारको गोजीमा छ । सरकारले चाह्यो भने तमाम मजदुरहरूको दैनिकी बदल्न सक्छ तर मजदुर भन्दा मालिक, धनाढ्य, कमिशनखोरीको पक्षमा सरकारले आफुलाई मजबुत बनाउँदै लगेको घटनाक्रमले देखाइरहेको छ । यसर्थ सरकारले गर्ने हरेक गतिविधिमा श्रमिक जोडिन आवश्यक छ । संघर्षसँग जोडिएका मजदुरलाई अपहेलित र वेवास्ता गर्ने सरकारले न इतिहास बनाउँछ नत आम श्रमिक खुशी नै पार्छ ।

# विवाहका लागि कानुनी उमेर



✍ -: डा. यज्ञबहादुर कार्की :-

**देशमा पाँच-छ दर्जन अनुसन्धान, नियामक, नियन्त्रक र कार्वाहीका अख्तियार प्राप्त निकायहरू, विदेशी भूमिमा दुःख गरिरहेका नेपालीको मानु खाएर, कर्मकाण्डी लतरपतरमा आफूमाथि पद कृपा गर्ने र सो पद स्थापित निकायको नेतृत्व लिइरहेका कृपालुकै उल्लु-उल्टा सुल्टाउनु शिवाय के गरेर बसेका छन् त ? यस्ता भाट-तावेदारका गोठमा राज्यको ढुकुटीको सातु-चारोको ओइरो घिचेर डकारिरहेका भाटहरूलाई 'भाटगिरी' छोडाएर 'कर्त्तब्य'-को परिभाषा घोकाएर त्यस मेसोमा क्रियाशील गराउनु पर्थ्यो कि पर्दैनथ्यो ?**

पछिल्लो समय विवाहको कानुनी उमेर २० वर्षबाट घटाएर १८ वर्ष वा सोभन्दा कम गर्ने विषयमा छलफल भइरहेको छ । नेपालमा जनसत्त्या तीव्र गतिमा घट्ने समस्या रहेकाले छलफल समयानुकूल छ । सन् २०२१ को पछिल्लो जनगणनाले नेपालको जनसत्त्याको औसत वार्षिक वृद्धिदर सन् २००१(२०११ को दशकमा १.३५ प्रतिशत रहेकोमा सन् २०११(२०२१ को दशकमा ०.९२ प्रतिशतमा झरेको देखाएको छ । सन् २००१ देखि २०११ को दशकमा प्रत्येक वर्ष तीन लाख ३४ हजार ३०८ जनसत्त्या थपिएको थियो, जुन त्यसपछिको दशकमा घटेर दुई लाख ६७ हजार सातमा झरेको थियो । घट्दो जनसत्त्या वृद्धि दर नेपाल जस्तो अल्पविकसित मुलुकका लागि चिन्ताजनक छ, जहाँ उच्च वृद्धि दर नभए पनि मध्यम वृद्धि दर वाञ्छनीय छ ।

जनसत्त्याको परिवर्तन प्रजनन दर, मृत्यु दर र बसाइँसराइको अन्तरसम्बन्धका कारण हुन्छ । नेपालमा प्रजनन् दर तीव्र गतिमा घटिरहेको छ । सन् २००१ मा प्रजनन उमेर समूहका महिलामा प्रतिमहिला ४.१, सन् २००६ मा ३.१, सन् २०११ मा २.६, सन् २०१६ मा २.४ र पछिल्लो नेपाल जनसात्त्यिक तथा स्वास्थ्य सर्वेक्षणले सन् २०२२ सम्ममा २.१ मा झरेको देखाएको छ । २.१ प्रजनन दरलाई प्रजनन प्रतिस्थापन दर भनिन्छ, जसमा जनसत्त्याले आफूलाई एक पुस्ताबाट अर्को पुस्तामा प्रतिस्थापन गर्छ । सन् २०११ देखि २०२२ सम्ममा घटेको प्रजनन दर जारी रहेमा सन् २०३० सम्ममा नेपालको कुल प्रजनन दर १.७ र सन् २०४१ सम्ममा १.० हुने छ । कम प्रजनन दरले कुल जनसत्त्या वृद्धिलाई कम गर्न महत्वपूर्ण असर गर्छ । मृत्यु दरले जनसत्त्या वृद्धिमा नकारात्मक योगदान पुऱ्याउँछ र सन् २०२० मा कोभिड(१९ महामारीका कारण नेपालीको औसत आयु अत्यधिक प्रभावित भएको तर्क गरिएको छ ।

नेपालमा जनसत्त्या वृद्धि दर कम हुनुमा प्रभाव पार्ने अर्को महत्वपूर्ण कारक भनेको खुद प्रवासन पनि हो । सन् २०२१ को जनगणना अनुसार सन् २०११ मा १९ लाखले देश छाडेका थिए र यदि यो क्रम सन् २०३१ सम्ममा जारी रहने हो भने करिब ३१ लाख नेपालीले देश छाड्ने छन् । नेपालमा जनसत्त्या वृद्धिलाई कम गर्न बाह्य प्रवासनको मह□व बढ्दै गएको छ, तर प्रजनन दरले बढी महत्वपूर्ण भूमिका खेल्छ । नेपालमा घट्दो प्रजनन क्षमतालाई तीव्र गतिमा कम गर्न प्रसूतिमैत्री नीतिलाई बढावा दिन अति आवश्यक छ । हाल नीति निर्माताबिच जन्म प्रोत्साहन कार्यक्रम ल्याउन छलफल भइरहेको छ, जुन निकै महँगो हुन सक्छ । धेरै युरोपेली देश, जनवादी गणतन्त्र चीन, दक्षिण कोरिया र जापानले महिलाहरूलाई बढीभन्दा बढी बच्चा जन्माउन प्रोत्साहित गर्न जन्म प्रोत्साहन कार्यक्रम सञ्चालन गरिरहेका छन् । यी देशहरु विकसित र धनी छन् र प्रसूतिमैत्री नीतिहरूको लागत वहन गर्न सक्छन् । नेपाल जस्तो स्रोत साधनको अभाव भएको मुलुकका लागि यस्ता कार्यक्रम धान्न सकिने हुँदैनन् ।

सबैभन्दा राम्रो विकल्प तथाकथित '२० वर्षपछि विवाह गर्ने कानुनी उमेर' खारेज गर्न उचित हुने छ । यो कार्य प्रसूतिमैत्री नीतिहरूको लागतभन्दा धेरै कम खर्चिलो हुने छ । विद्यमान परिप्रेक्ष्यमा विवाहमा उच्च कानुनी उमेरले किशोरीहरूको प्रजनन स्वास्थ्यमा पार्ने प्रभाव अत्यन्त गम्भीर छ । हाल विवाहको कानुनी उमेर २० वर्ष भए पनि सामाजिक मान्यताको कारणले कम उमेरमै विवाह हुने गर्छ । सामाजिक रूपमा निर्धारित कम उमेरमै विवाह गर्दा कम उमेरमै गर्भधारण हुन्छ तर यस्ता किशोरीहरु सरकारी स्वास्थ्य संस्थामा कुनै पनि प्रसवपूर्व हेरचाह सेवाबाट वञ्चित हुन्छन् किनभने स्थानीय स्वास्थ्य सेवा प्रदायकहरूले गर्भावस्था दर्ता गर्दैनन् । अनपेक्षित गर्भ धारण गरेका किशोरीहरूलाई सरकारले निःशुल्क गर्भपतन सेवा दिनुपर्ने भए पनि उनीहरु गर्भपतन सेवाबाट वञ्चित भएका छन् । सरकारी सुरक्षित गर्भपतन सुविधा अनुसार २० वर्षभन्दा कम उमेरका गर्भवती किशोरीहरूलाई सेवा दिन मिल्दैन । यस्ता किशोरीहरु गर्भपतनका लागि निजी गर्भपतन सेवा प्रदायककहाँ जान्छन्, जहाँ उनीहरूले ठुलो धन राशि खर्च गर्नु पर्छ र यस्तो प्रक्रियाको सफलताको कुनै ग्यारेन्टी हुँदैन । यसबाहेक असुरक्षित गर्भपतनले महिलालाई आजीवन रोगी पार्न सक्छ र केही महिला मृत्युको मुखमा समेत पर्न सक्छन् । विपत्ति आइपर्दा यो अवस्था झनै विकराल हुन्छ र नेपाल अति विपत्को जोखिममा रहेको देश हो ।

यस्तो अवस्थामा सरकारले विवाहको कानुनी उमेरबारे पुनर्विचार गर्नु वा त्यसलाई खारेज गर्नु बुद्धिमानी हुने छ । जब एक निश्चित उमेरलाई कानुनी विवाहयोग्य उमेरको रूपमा उल्लेख गरिन्छ तब किशोरीलाई दुर्व्यवहार गर्ने सम्भावना बढ्छ र निर्दोष किशोरी बढ्दो सत्त्यामा उत्पीडन र दुर्व्यवहारमा पर्छन् । 'विवाहको कानुनी उमेर' भन्ने वाक्यांशले विवाहयोग्य उमेरका मानिसमा डर पैदा गर्छ । यसबाहेक यौन तथा प्रजनन स्वास्थ्य विज्ञहरूले व्यक्तिको शारीरिक स्वायत्तता र अधिकारलाई बढावा दिइरहेका छन् र कुनै निश्चित उमेरलाई कानुनी रूपमा राख्नु विरोधाभासपूर्ण र सार्वभौम नागरिकको मौलिक अधिकारको उल्लङ्घनको रूपमा लिन सकिन्छ । यसले व्यक्तिगत गोपनीयताको उल्लङ्घन गर्छ ।

नेपालमा १६ वर्ष उमेर पुगेका बालबालिकालाई नागरिकताको प्रमाणपत्र दिइन्छ र १८ वर्ष उमेर पुगेपछि उसले मताधिकार प्रयोग गर्न पनि पाउँछन् । युनिसेफले १८ वर्षको उमेरलाई वयस्क उमेरको रूपमा लिएको छ । रजस्वलाको उमेर पनि घट्दै जाँदा किशोरीहरु शारीरिक रूपमा २० वर्ष नपुग्दै बच्चा जन्माउन सक्षम हुन्छन् । अधिकांश विकसित देशमा विवाहको कानुनी उमेर १६ देखि १८ वर्षसम्म छ । आधुनिकीकरण र पश्चिमीकरण प्रक्रियाले नेपालमा पनि स्वतन्त्र जीवन यापन (फ्रि लिभिङ) को सुरूवात गरेको छ । स्वतन्त्र जीवनयापनका पक्ष र विपक्ष दुवै भए तापनि कुनै पनि कानुनी प्रावधानले यो प्रवृत्तिलाई रोक्न सक्दैन । केही समाजमा सहमतिको आधारमा सहबास गर्ने अभ्यास पनि गरिन्छ, जुन कानुनी झन्झटबाट मुक्त छ । विवाहको उमेर घटाएर वा त्यसलाई खारेज गरिएमा पनि समग्रमा युवा महिलाहरूले स्वस्थ शिशु जन्माउने छन्, जसले नेपाललाई फाइदा हुने छ ।

जनसात्त्यकीय रूपमा १५ देखि ४९ वर्ष उमेरका महिलालाई प्रजनन उमेरका महिलाका रूपमा वर्गीकरण गरिन्छ । नेपालको संविधान, २०७२ को धारा ३८ को उपधारा २ मा 'प्रत्येक महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको हक हुने छ' भनिएको छ । यसको तात्पर्य के हो भने विवाहको उमेर तोक्न सकिँदैन । धारा ३५ को उपधारा ३ मा प्रत्येक नागरिकको स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गरिएको छ तर व्यवहारमा २० वर्षमुनिका गर्भवती महिलाहरूलाई मातृसेवा, गर्भनिरोधलगायत प्रजनन स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित गरिएको छ । २० बर्से कानुनी उमेरले गर्दा हरेक वर्ष १५ देखि १९ वर्ष उमेरका आमाबाट कम्तीमा ६० हजार होनाहार स्वस्थ बच्चा जन्मिनबाट वञ्चित बनाइएका छन् । यसले नेपालको कुल जनसत्त्याको घट्दो क्रमलाई यथोचित रूपमा रोक्न सक्थ्यो । कानुनी विवाहको उमेर हटाएर या यसलाई घटाएर प्रजनन् जनसत्त्याको आधार वृद्धि गर्नु पर्छ र प्रजनन क्षमता बढाउनु पर्छ । विवाहको उमेर बढाउने पक्षधर किशोरीहरु बच्चा जन्माउन पर्याप्त परिपक्व हुँदैनन् र कम उमेरमै विवाह गर्दा किशोरावस्थादेखि वयस्कसम्म पूर्ण विकसित हुन पाउँदैनन् भन्ने तर्क गर्छन् । तथापि विवाहका लागि उच्च कानुनी उमेर निर्धारण गर्दा धेरै अनुसन्धान र अखबारका उपाख्यानले देखाए अनुसार किशोरीहरु यौन दुर्व्यवहार र शोषणको शिकार भएका छन् । किशोरीहरूको यो अवाञ्छित अवस्थालाई विवाहको उमेर बढाएर होइन तर विद्यालय जाने र विद्यालय बाहिरका युवक युवती र तिनीहरूका आमाबाबुलाई व्यापक यौनिकता शिक्षा प्रदान गरेर रोक्न सकिन्छ । - गोरखापत्रबाट

# कमल २ मा पूर्ण खोप शुनिश्चितताका लागि तयारी तीव्र

**कमल/** जिल्लाको कमल गाउँपालिकालाई पूर्ण खोप शुनिश्चितताका लागि वडा न. २ मा तयारी सकिएको छ । वडाले नियमित मासिक खोप कार्यक्रम बैशाख १५ र १६ गते जनप्रतिनिधिहरूको सहभागितामा खोप कार्य सम्पन्न गरिएको हो ।

वडा न. २ मा रहेको कमल नगर अस्पताल र ज्योति मावि भुल्लुङ खोप केन्द्रमा वडा भित्रका नियमित तथा छुटेका ८ जना बालिकासहित १५ जना लक्षित बालबालिकालाई खोप लगाउने कार्य सम्पन्न गरिएको अस्पतालका कार्यालय प्रमुख दिपक दाहालले बताए । खोप केन्द्रमा आएकी सगरमाथा टोलकी कुशुम किस्कुले आफना बालबच्चाले छुटेका खोप लगाउन पाएकोमा दंग भइन् । जनप्रतिनिधिहरू घरघर आएर खोपका बारेमा जानकारी दिएर राम्रो कामको शुरूवात भएको उनले बताईन् । उनले भनिन्, "हाम्रो बच्चाको दुई खोप छुटेको रहेछ । अब अध्यक्षले नै मिति दिनुभयो। विश्वास बढेको छ ।"

वडाअध्यक्ष अशोक सुब्बाले वडालाई पूर्ण खोप शुनिश्चितताका लागि खोप लगाउन छुट्न नहुने भन्दै त्यसमा वडाबासीको सहयोग आवश्यक भएको औल्याए ।

नियमित खोप कार्यक्रम केवल स्वास्थ्य सेवा मात्र नभएको भन्दै उनले यो सिंगो समुदाय,समाजकै जनसरोकारसंगै अभियानका रूपमा रूपान्तरित हुँदै गएको बताए ।

सन्दर्भ : १३६ औं अन्तर्राष्ट्रिय मजदुर दिवस

# शासक बदलियो, शोषण उस्तै



✍ सुलोचना

नेपालको हरेक राजनीतिक परिवर्तनमा आन्तरिक र बाह्य प्रभावको विषय कतै छिपेको छैन । हरेक राजनीतिक परिवर्तनमा आन्तरिक पक्ष प्रधान र बाह्य सहायक हुनुपर्ने हो । तर, यसको विपरीत नेपालमा भने कहिलेकाहीँ सिधै बाह्य पक्ष हाबी हुँदै आएकोले राजनीतिक उथलपुथल हुने गरेको छ ।

मुलुकमा हालसम्म भएका प्रमुख राजनीतिक परिवर्तनमा दक्षिण छिमेकी भारतको प्रत्यक्ष या परोक्ष भूमिका रहेको विषय सर्वत्र छर्लङ्ग छ । सात सालदेखि हालसम्मका हरेक राजनीतिक परिवर्तनमा उसले प्रभावकारी भूमिका खेलेको घटनाक्रमले दर्साउँछ ।

राजा त्रिभुवनको पालामा त हरेक क्याबिनेट बैठकमा समेत भारतीय प्रतिनिधि राख्ने गरिन्थ्यो । त्यसबेला नेपालको आˆनो अलग्गै पहिचान समेत थिएन । नेपाल कुन हदसम्म पराधीन रहेको थियो भन्ने यसैले पनि देखाउँछ ।

त्यसपछि उनकै छोरा राजा महेन्द्र शासन सत्तामा आएपछि नेपालको मौलिक पहिचान केही हदसम्म कायम गराउन सफल भए । उनले भारतीय हस्तक्षेप र प्रभाव न्यूनीकरण गर्न निकै उल्लेखनीय भूमिका खेलेका थिए ।

राजा महेन□ले २०१७ साल पुस १ गते जननिर्वाचित प्रधानमन्त्री अपदस्त गरेर शासनसत्ताको बागडोर सम्हालेको समयमा भने त्यतिबिघ्न राजनीतिक अस्थिरताले ठाउँ पाएन । तथापि, महेन□कालीन शासन अवधिमा प्रजातान्त्रिक प्रणालीलाई कत्लेआम गरेको थियो ।

राजा महेन□ले सुरू गरेको पञ्चायती शासन व्यवस्था विरूद्धको आन्दोलनले मुलुकमा २०४६ सालमा प्रजातन्त्र आयो । तर, बहुदलीय व्यवस्थाको आगमन भएको केही समय पछि संसदीय व्यवस्थाको विरूद्ध भन्दै फेरि तत्कालीन माओवादी जनयुद्धमा उत्रियो । जनयुद्धले उचाइ लिँदै गर्दा मुलुककै ठूलो तप्काले त्यसलाई साथ, सहयोग र समर्थन दिँदै गयो ।

त्यही समयमा तत्कालीन राजा ज्ञाने¬ ले आˆना पिता महेन□को जसरी राजनीतिक दलविहीन शासन सञ्चालन गर्ने मोह जागेपछि वि□ाही माओवादी र संसदवादी दल एकताबद्ध हुन पुगे । त्यसकै बलमा २०६२/६३को जनआन्दोलन पछि पुनर्स्थापित संसदले राजाका अधिकार कटौती गर्दै अन्ततः २०६५ जेठ १५मा विधिवत् रूपमै गणतन्त्र घोषणा भयो । यो राजनीतिक परिवर्तनमा पनि भारतीय भूमिका रहेको विषय सार्वजनिक भइसकेको छ ।

मुलुकमा गणतान्त्रिक शासन व्यवस्था लागु भएपछि कायापलट हुने र जनताका अपेक्षा पूरा हुने आम विश्वास थियो । तर, गणतन्त्र स्थापना भएको करिब दुई दशक पुग्नै लाग्दा फेरि यसप्रति असन्तुष्टि बढ्दो छ ।

यो व्यवस्थालाई दल र नेतातन्त्रको आरोप लगाउँदै जनताहरु सडकमा उत्रिन थालेका छन् । पुरातनवादी शक्तिहरूले समेत यही मौकामा पुनरागमनको दाउ छोपेका छन् । चौतर्फी निराशा र आक्रोश व्याप्त छ ।

नेपालका हरेक राजनीतिक परिवर्तनले जनतामा स्थायित्व र अपनत्व कायम गराउन सकेन । त्यसकै उपज पछिल्लो समय 'यो देशमा केही हुँदैन, सबै उस्तै' भन्ने नयाँ भाष्य स्थापित भएको छ ।

हरेक राजनीतिक परिवर्तनमा जनताको अपेक्षा सहित उल्लेख्य सहभागिता भए पनि सत्तामा पुग्दा तिनै आन्दोलनकारी दलहरूले जनतामाथि कुठाराघात गरेका छन् । अहिले त्यसकै परिणतिस्वरूप जनताले असन्तुष्टि व्यक्त गर्न थालेका हुन् ।

मुलुकमा अहिलेसम्म आधा दर्जन भन्दा बढी संविधान निर्माण भइसके तर त्यसले राजनीतिक स्थायित्व दिन नसक्दा मुलुक अर्को अराजकतामा जाने आशंका कायमै छ ।

अन्य विकसित मुलुकहरूमा एक पटक निर्माण गरिएको संविधान आज पर्यन्त स्वीकारयोग्य छ । उनीहरु राजनीतिक व्यवस्था भन्दा पनि मुलुकलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउने होडबाजीमा लागेका छन् । बेलायतमा त लिखित संविधान समेत नभए पनि विकास र समृद्धिको चरमचुलीमा पुगेको छ । तर, नेपालमा भने हरेक एक दशकमा व्यवस्था परिवर्तनको खेल सुरू हुन्छ । र, त्यसमा बाह्य शक्तिले आˆनो अनुकुलतामा यहाँ अराजकता सिर्जना गर्ने प्रयत्न गर्छन् ।

तत्कालीन माओवादी नेता डा.बाबुराम भट्टराईले नेपालको सत्ताको साँचो दिल्लीमा रहेको बताएका थिए । अहिले त्यस्तै मनोविज्ञान सबै दल र नेताको छ । प्रधानमन्त्री केपी शर्मा ओलीलाई भारतले आˆनो देशमा भ्रमणको निम्तो नदिँदा उनी बेचैन देखिन्छन् भने अन्य दलहरु यही कारण सत्तारोहणको सपना देखेका छन् ।

प्रतिपक्षमा पुगेका माओवादी केन□का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले यही बुझेर एक भारतीय मिडियासँगको अन्तरवार्तामा ओलीको चीन भ्रमणलाई चिनियाँ कार्डको संज्ञा दिएका थिए ।

यस्तो प्रवृत्तिले मुलुकमा देश भन्दा माथि आˆनो दल र सत्तालाई राख्ने र त्यो प्राप्तिका लागि आफैँ बाह्य प्रभाव भित्र्याउने प्रवृत्ति विद्यमान दल र नेतामा रहेको छ ।

जनताहरु यही कारणले नै विगतदेखि नियन्त्रित अस्थिरता भोग्न अभिशप्त छन् । यी दल र नेताहरूले मुलुकमा व्याप्त संकटको निवारणका लागि कुनै कदम चाल्दैनन् । देशमा युवा पलायन, बेरोजगारी, महँगी, हरेक पेशाकर्मीका समस्याहरूलाई नजरअन्दाज गर्दै आएका छन् । मुलुकका ज्वलन्त समस्या समाधानका लागि प्रमुख दलहरूले साझा धारणा बनाएको कहिल्यै देखिँदैन । तर, सत्ता प्राप्तिका लागि भने जेसुकै सम्झौता गर्न पनि तयार हुन्छन् ।

सरकारको नेतृत्व गरेका एमाले अध्यक्ष केपी शर्मा ओलीको गैरजिम्मेवार अभिव्यक्ति र क्रियाकलापले पनि अराजकतालाई बल पुऱ्याइरहेको छ । प्रधानमन्त्री ओलीले सरकार र पार्टी दुबैतर्फ परिणाममुखी काम गर्न खोज्नेहरूलाई किनाराकृत गर्दै आएका छन् । उनले सरकारमा रहँदा सडक आन्दोलनमा उत्रिएकाहरूलाई दमन गरेरै सकाउने रणनीतिमा लागेका छन् ।

चैत १५ गते सरकारको असक्षमताले राजावादी आन्दोलन उग्र बन्दा दुई जनाको ज्यान गयो भने कैयौं भौतिक संरचना क्षतिग्रस्त भए । राज्य नियोजित घटनाका रूपमा चित्रित गरिएको तीनकुने घटनाको सत्य तथ्य छानबिन गर्नबाट सरकार पन्छिएको छ । शिक्षकहरु पनि करिब एक महिनादेखि सडकमा रहँदा पनि सरकारले उनका माग सुनुवाइ गर्ने तदारूकता देखाएको छैन । देशभरका विद्यालयमा पठनपाठन हुन नसक्दा विद्यार्थीको भविष्य अन्योलग्रस्त बनेको छ । सरकारले शिक्षकका माग सम्बोधन गरेर पठनपाठनको वातावरण बनाउनुको साटो प्रहरीलाई बल प्रयोग गर्न लगाएर ६० जनाभन्दा बढी शिक्षकहरूलाई घाइते बनाइएको छ ।

सरकार पेशाकर्मीको माग सम्बोधनतर्फ केन्द्रित नभएर थप मुठभेडतर्फ लैजान खोजेको देखिन्छ । यस्तो चौतर्फी आक्रोश र सरकारविरूद्धको असन्तुष्टिलाई समयमै निराकरण नगरे मुलुक अर्को नियन्त्रित अस्थिरतामा फस्ने खतरा छ ।

दृष्टिबाट

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा

विगत दुई दशक अगाडीदेखि तपाईंहरूको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।

साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।

नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।

झापा डाइग्नोस्टिकको सेवा

रेडियोलोजिष्टको क्षेत्रमा लामो अनुभव प्राप्त गरी भरपर्दो सेवा प्रदान गर्दै आउनु भएका चिर परिचित डा. तिलकचन्द्र शाहको भिडियो एक्सरे क्लिनिक (झापाडाइग्नोस्टिक) हिमाल फार्मेसीबाट दमक प्रहरी थाना अगाडि इसा कम्प्लेक्समा सरेको आम सेवाग्राहीमा जानकारी गराउँदछौं ।

: सम्पर्क नम्बर:
९७०४५४४८९९/०२३-५७७४१४

# टाउको दुख्नु भनेको माइग्रेन हो ?



✍ डा. लेखनाथ नेउपाने

टाउको दुख्ने समस्या हरेक उमेरका महिला या पुरषलाई हुने पिडादायी रोग मध्येको एउटा हो । भट्ट सुन्दा टाउँको दुख्नु सामान्य लक्षण जस्तो लागे पनि हजारौं मानिस यो रोगबाट पिडित छन् । लक्षण सामान्य र उस्तै उस्तै लागे पनि यो रोग धेरै प्रकारका हुन्छन् । त्यसमा पनि माइग्रेन, पिनास जस्ता समस्या त झनै पिडादायी हुन्छन् ।

हाम्रो शरीरको मुख्य अंग मस्तिष्कलाई सुरक्षित राख्न यसको बाहिर वरिपरी कडा हाडहरूको समुह मिलेर वसेको हुन्छ । यो हाडहरूको समुहलाई खप्पर(स्कल) भनिन्छ । स्कलले हाम्रो कोमल मस्तिष्कलाई सुरक्षित मात्र राख्दैन हरेक मानिस या जनावरको टाउँको र अन्य केही हाडहरूले अनुहारको पनि निमार्ण गर्दछ । शिर र अनुहारमा रहेका हाडहरूको बनावटबाट नै हाम्रो अनुहार र टाउँकाको आकार कस्तो भन्ने निर्धारण हुन्छ । शिरामा रहेका हाडहरूलाई छोप्ने र सुरक्षित राख्ने मासपेशी र छालाको तह एक आपसमा मिलेर बसेको हुन्छ । टाउँकाको भाग कपाल सहितको केहि छाला, मांसपेशी, रक्तनसा र नसाहरूको समुहले ढाकेको हुन्छ भने अनुहारको भाग नरम मासपेशी, रक्तनसा, नसा र छालाले । हाड भित्र मस्तिष्क रहेको हुन्छ । अनुहारमा भने विभिन्न रत्तनसा, आँखा, मुख, नाक दाँत, साइनस र नसाहरूको समुहले सुसन्जित भाग हो टाउको र अनुहार ।

टाउको दुख्नु भनेको यिनै माथी भनिएका विभिन्न अंगहरूलाई विभिन्न प्रकारका बाहिरी या भित्री कारणहरूले अनावश्यक रूपमा प्रभाव पार्नु हो । रगतको प्रवाहलाई असर गर्दा होस या नसाहरूमा उत्तेजना उत्पन्न हुँदा होस अथवा मस्तिष्कमै कुनै प्रकारको संक्रमण जन्य रोगबाट ग्रसित भएको अवस्था होस टाउँको दुख्छ । मानसिक रूपमा देखा परेका विभिन्न कारणहरूले पनि एकैनासको टाउँको दुख्न सक्छ । त्यसैले टाउको दुख्यो भनेर वस्नु या नदुख्ने औषधिको सेवन गर्नु भन्दा के कारणले दुखेको हो भन्ने कारण पत्ता लगाउनु जरूरी हुन्छ ।

कारण : टाउको दुख्ने मध्ये एउटा हो पिनास । जो विशेष गरेर अगाडीको भाग नाकको वरिपरि, निधारको भागमा वढी दुख्छ भने नाक बन्द हुने अनि घाम र मध्यान्नमा धेरै दुख्नेगर्छ । अर्को हो माइग्रेन अथवा केहि दिन या हप्ताको फरकमा ठाउँ फेरी फेरी या सोही ठाउँमा अत्यन्तै कडा प्रकारको टाउँको दुख्नु । यसरी नै उच्च रक्तचापका कारण निधारमा या पछाडी घिच्चुकमा दुख्ने टाउको । तनावका कारण दुख्ने टाउको र मानसिक समस्याका कारण दुख्ने मन्द मन्द खालको हुन्छ । मस्तिष्कको कुनै भागमा गाठागुठी(टियूमर) पलाएका कारण, नसा सुन्निएका कारण या अन्य विरामीका कारणबाट दुख्ने टाउँको दुखाई केही फरक हुनसक्छ । मस्तिष्क ज्वरो, टायफाइड या अन्य कुनै विरामका कारण दुख्ने टाउँकाको दुखाईसँग ज्वरो या अन्य शारीरिक लक्षण पनि रहन्छन् । यसरी नै पेटको समस्या जस्तै गाउँले भाषमा भन्दा ग्याष्ट्रिकका कारण, पेट सफा नभएका कारण या आँखामा आएको समस्याका कारण पनि टाउँको दुख्ने हुँदा सचेत हुनु जरूरी हुन्छ ।

**प्रकार** ः मुख्य गरेर चार प्रकारका हुन्छन् । साइनस हेडेक, कलस्टर हेडेक, टेन्सन हेडेक र माइग्रेन हेडेक । सर्व प्रथम त कुनै पनि प्रकारको टाउको दुख्ने कारण पत्ता लगाउनु जरूरी हुन्छ । र, उपचार पनि सहज हुन्छ । माथी भनिएका विभिन्न प्रकारका टाउको दुखाइका आ-आफ्नै कारणहरू हुन्छन् । तर यकिन कारण पत्ता लाग्न नसकेका कारण उपचार पनि अधुरो रहेको मध्ये माइग्रेन एउटा हो । माइग्रेन बाहेकका अन्य समस्याको भने उपचार सफल देखिन्छ । यसको माने माइग्रेनको भने उपचार नै छैन भन्ने होइन । विशेष प्रकारका औषधीबाट माइग्रेनको उपचार हुनेगरेको छ । तर, कति विरामीहरू आज पनि पिडा सहेर वस्न वाध्य छन् । यसरी नै पिनासका कारण टाउको दुखेको हो भने यसको सही उपचारबाट ठिक हुन्छ । तनावका कारण या उच्च रक्तचापका कारण दुखेको हो भने कारण अनुसारको औषधी सेवन गर्नुपर्छ । अन्य विरामीका कारण दुखेको भएमा सोही अनुसारको उपचार हुन्छ । टाउको दुखाइको तरिका र समय अनि कुन भागमा दुखेको हो त्यसका आधारमा रोग पत्ता लगाउन सकिने हुँदा हरेक विरामीले आफ्नो पिडा कसरी, कतिबेला, कुन पाटामा धेरै, कुन मौषममा धेरै अनि टाउको दुखाइसँग के के अन्य लक्षणहरू देखा पर्छन ध्यान दिएर सम्झनु पर्छ । यसले चिकित्सकलाई रोग के हो र के कारणले भएको हो भन्ने कुरा पत्ता लगाउन सहज हुन्छ । विरामीको सम्पूर्ण जाँचबाट पनि कारण पत्ता लाग्न सकेन भने टाउँकाको सिटी स्क्यान र अन्य जाँचका साथै पारिवारिक, समाजिक र आर्थीक कारण पनि जान्नु जरूरी हुन्छ । त्यसको पनि पहिचान भएमा सामधानका बाट अपनाउन सुझव दिन सकिन्छ ।

विशेष गरेर पिनासले टाउको दुख्ता आँखाका डिल र निधारको भागमा दुख्छ । घाम छिपिदै जाँदा धेरै दुख्छ । नाक बन्द हुन्छ । रूघामर्की लागेपछि सुरू भएको इतिहास भेटिन्छ । यसरी नै कलस्टर हेडेकमा एउटा आँखाको वरिपरी र केही माथी मात्र कडा गरी दुख्छ । टेन्सन हेडेक एकै प्रकारले मन्द गतिमा दुखी रहन्छ पुरै टाउकोमा । र माइग्रेन हेडेक भनेको निस्चित समयको अन्तरालमा कुनै निस्चित भागमा दुख्छ । धेरैजसो ठाउँ फेरेर दुख्छ । दुखाई सगै बान्ता हुने, वाकवाकी लाग्ने र धेरै पडि हुने गर्छ । यस्तो दुखाई एक पटकमा १२ देखि ७२ घण्टासम्म दुख्न सक्छ ।


**उपचार** ः टाउको दुख्ने लक्षण धेरै मानिसमा भए पनि यसलाई सामान्य रूपमा लिएको पाईन्छ । दुखेका बेलामा दुखाई कम गर्ने औषधी सेवन गरेर धेरैको दैनिकी चलिरहेको हुन्छ । दुखाई कम गर्ने औषधीको सेवनले गर्ने नकारात्मक असरबाट पेटको समस्या देखापर्ने, आन्द्रमा घाउ हुने, अम्लपित्त वढने, निद्रा नलाग्ने, मृगौलामा समस्या आउँने जस्ता लक्षणहरू पनि टाउँको दुखाईसँगै देखापर्न थाल्छन् । त्यसैले पहिलो कुरा त टाउको दुख्यो भनेर जतासुकैबाट विना चिकित्सकको सल्लाह दुखाइ कम गर्ने(पेन किलर) औषधी सेवन गर्नु हुदैन । एक पटक चिकित्सकको परामर्शमा मात्र कुन औषधी र कुन अवस्थामा सेवन गर्ने हो सो को जानकारी लिनु उचित हुन्छ । चिकित्सकलाई देखाएपछि के कारणले दुखेको हो पत्ता लाग्छ । र, कस्तो परहेज अनि कस्तो कस्तो औषधीको सेवन गर्नुपर्छ सो पनि थाहाँ हुन्छ । या के के जाँच गर्नु गराउनु पर्छ सो थाहा हुन्छ । जस्तै आँखाको समस्या भए आँखाको चिकित्सक कहाँ जान सुजाउछन् । कान या घाटीका समस्या भए सम्बन्धीत चिकित्सकलाई भेटने सल्लाह पाइन्छ । या अन्य मानसिक समस्या भए मनोचिकित्सकसँग जाने सलह पाइने हुँदा हरेक टाउको दुखिरहने विरामीले एक पटक जचाँउनु जरूरी हुन्छ । यसको मुख्य फाइदा भनेको अनावश्यक दुखाइ कम गर्ने औषधीको साइड इफेक्टबाट बच्नु हो ।

लामो उपचारबाट पनि निको हुन नसकेको टाउको दुख्ने समस्याकालागी भने विशेष उपाय अपनाउन सकिन्छ । जस्तै खानपान, निद्रको कमी, चिसो, तनाव, अनावश्यक अरूका कुरामा ध्यान दिदा या पेटको विसञ्चोका कारण दुखाई वढन सक्छ । यसका साथै कतिमा माया प्रेमको कमी, यौन आनन्दको अनावश्यक सोच र लम्पट पना, या जुन कुराले या खानाले असर गर्छ भन्ने थाहा हुदाहुदै पनि त्यसकै बढी सेवन । जस्तै चुरोट, खैनी, मदिरा, चिल्लो कुरा, अत्यधिक चिसो कुरा, निद्रको कमी चकलेट जस्ता कारणहरूबाट विस्तारै अलग हुन सके धेरै जनालाई त पिडा कम भएर जान्छ ।

धेरै टाउँको दुखेको बेलामा शान्त वातावरणमा बस्ने । सकेसम्म निदाउने प्रयास गर्ने । कुनै रोमान्टिक क्षणको सम्झनामा एकोहारीने । मनलाई तनावबाट मुक्त राख्न कतै निस्कने या साथीभाईसँग रमाउने । सादा प्रकारका खानेकुरा खाने । कहिले काही पेट खाली भएर पनि टाउँको दुख्ने गर्छ । योग अभ्यास त्यसमा पनि अनुलोमवलोम निक्कै प्रभावकारी देखिएको छ । दुखाई अनुसारको औषधी खाने सल्लाह चिकित्सकबाट पाएको भए खाने । लामो श्वास तान्ने र छोडने गर्दै आफु तनाव वा पिडा मुक्त हुँदै गएको महशुस गर्ने । यदि माथी भनिएका उपायबाट पनि टाउको दुख्ने समस्याको सामधान भएको छैन या हुदैन भने प्राकृतिक चिकित्सा अपनाउने । विश्वमा नै सुरक्षित र प्रभावकारी चिकित्सा मानिएको होमियोथ्याथिक चिकत्सिा टाउको दुख्ने जुनसुकै रोग, पिनास या माइग्रेन नै किन नहोस निक्कै प्रभावकारी र सफल रहेको अनुभव लेखक स्यमको पनि छ । यसका लागि होमियो चिकित्सकसँग उपचार गराउनु पर्छ । त्यसरी नै आर्युवेद र अन्य प्राकृतिक चिकित्सा अनि योग पनि प्रभावकारी देखिएका छन् । त्यसैले टाउँको दुख्छ भनेर दुःखी हुनु भन्दा सही उपचार र तनाव मुक्त हुन पट्टि लाग्नुपर्छ । लेखक, रीता होमियो क्लिनिक सेन्टर दमकका संचालक हुन् ।

## दर्शन

### खराब पत्नीले दार्शनिक ःशुकरात



संसारकै चर्चित दार्शनिक सुकरातका धेरै चेलाहरू थिए । उनको दर्शन बुझ्न चेलाहरूको लर्को लाग्थ्यो । ती नै चेला मध्येका एकजनाको बिहे गर्ने तयारी भइरहेको थियो । तर ती चेला बिहे गर्ने की नगर्ने भनेर द्विविधा मानिरहेका थिए ।
उनले उचित निर्णय लिन सहिरहेका थिएनन् । यही बीचमा उनी उचित सल्लाहका लागि भन्दै गुरू सुकरात कहाँ पुगे । उनलाई एउटा कुरा थाहा थियो की सुकरातको वैवाहिक जीवन अत्यन्त कष्टप्रद थियो । त्यसैले, गुरूले विवाह नगर्ने नै सल्लाह दिन्छन् भन्ने चेलालाई लागेको थियो ।
तर, चेलाले प्रश्न राख्न नपाई गुरूले भने - विवाह गर्नुपर्छ बाबु । गुरूको सल्लाह सुनेपछि चेलाले पुनः प्रश्न गरे- तर, तपाईंको जीवन त विवाहकै कारण नर्कमय छ नि ?सुकरातले मुसुक्क मुक्कुराउँदै जवाफ दिए– जस्तो हुन्छ बिहे गर । अनि असल पत्नी परेमा तिम्रो जीवन सुखमय हुनेछ । केही गरी मेरीजस्ती कर्कश पत्नी परेमा तिमी पनि म जस्तै दार्शनिक बन्ने छौ ।


### असल पत्नीका विषयमा राजा लमूएलका हितोउपदेशहरू

*यी हितोउपदेशहरु राजा लमूएलले संग्रह गरेका हुन्, जुन तिनकी आमाले सिकाएकी हुन् ।*

- ❑ तिमी मेरा छोरा हौ जसलाई म माया गर्छु । तिमी मैले भाकल गर्दा जन्मेका छोरा हौ।
- ❑ स्त्रीहरूमाथि आफ्नो शक्ति खेर नफाल। स्त्रीहरूले राजालाई नष्ट पार्छन् यसर्थ तिनीहरु माथि आफैंलाई नहोम।
- ❑ लमूएल, राजाको लागि दाखरस पिउनु असल होइन। शासकहरूले मदिरा पिउनु हुँदैन।
- ❑ तिनीहरूले ज्यादै पिएर यस्तो हुन सक्छन कि कानुनमा के भनिएकोछ भूल्न सक्छन्। यसरी तिनीहरूले गरीबहरूको सबै अधिकार खोस्न सक्छन्।
- ❑ गरीब मानिसहरूलाई दाखमद्य देऊ अनि कष्टमा परेका मानिसहरूलाई मदिरा देऊ।
- ❑ मदिरा पिएर गरीबहरूले आफ्नो गरीबी अनि कष्टलाई भुल्न देऊ ।
- ❑ तिनीहरूको निम्ति बोली देऊ जसले आˆनो लागि बोल्न सक्दैनन् अनि ती अभावग्रस्त गरीबहरूको अधिकारको लागि बोली देऊ ।
- ❑ न्यायमा नहिचकिचाई बोली देऊ, गरीब र अभावग्रस्त मानिसहरूको अधिकारको रक्षा गर।
- ❑ असल पत्नी पाउनँ अतिनै गाह्रो हुन्छ किनभने एउटी आदर्श पत्नी, बहूमुल्य रत्नहरु भन्दा पनि मूल्यवान हुन्छे।
- ❑ तिनको पतिले तिनी माथि पूरा भरोसा राख्छ, अनि कहिल्यै गरीब हुनु पर्दैन।
- ❑ आदर्श पत्निले आफ्नो पति सित असल व्यवहार गर्छिन्, अनि जीवन भरी आˆनो पतिको निम्ति विपत्ति ल्याउँदिनन्।
- ❑ तिनी सधैँ ऊनी को लुगा, तथा सूतीको लुगा बनाउनमा व्यस्त रहन्छिन्।
- ❑ तिनी टाडा देशबाट आउने समुद्री जहाजले जस्तै, कहींबाट पनि भोजन लिएर घर आउँछिन्।
- ❑ तिनी बिहानै उठी भोजन पकाउँछिन्, अनि आफ्नो परिवार र नोकर्नीहरूलाई बाँड्छिन्।
- ❑ तिनी जमीन निरीक्षण गर्छिन् अनि उचित मूल्यमा किन्छिन् आफूले कमाएको पैसाबाट दाख रोप्छिन्।
- ❑ तिनी अत्यन्तै परिश्रमी छिन्, अनि सबै प्रकारको काम गर्नलाई सक्षम हुन्छिन् ।
- ❑ आफैंले बनाएका र उब्जाएका चीजहरूको व्यपार गर्छिन, र नाफा कमाउँछिन् । अनि तिनी रातीसम्मा कडा परिश्रम गर्छिन्।
- ❑ तिनीले आफैं धागो कात्छिन अनि आफ्नो घरको लागि लुगा बनाउँछिन्।
- ❑ गरीबलाई सधैँ दान दिन्छिन् अनि दीन-हीन मानिसहरूको खाँचो पूरा गर्छिन्।
- ❑ हिऊँ पर्दा पनि आफ्नो परिवारको निम्ति चिन्ता गर्दिनन्। तिनले परिवारका सबैलाई तातो अनि असल लुगाहरु दिएकी छिन्।
- ❑ तिनले च्यादर बुन्छिन् र ओछ्यानमा फिँजाउँछिन्, अनि आफूले सुन्दर नरम सुतीको लुगाहरु पहिरिन्छिन्।
- ❑ उनका पतिलाई सबैले आदर गर्छन् किनभने तिनी त्यस ठाउँका नेताहरूमा एक हुन्।

# संस्कार, संस्कृति र जीवन-दर्शन






❑ डा. प्रेम खत्री

**केही प्रारम्भिक कुरा**

शीर्ष स्थानमा नै दर्शनजस्तो अलि फलामे स्वभावको शब्द देख्दा यस लेखका पाठकहरु निकै सानो संख्यामा हुनुहुनेछ भन्ने लाग्छ । ती थोरैमध्ये पनि गहन पठनपाठनमा रूची भएकाहरूको संख्यामा ता यताको समयमा राजा नरेन्देवको पालाको खडेरी परेको छ भन्ने मलाई लाग्छ। यदि यो असत्य हो भने मलाई वा कुनै पनि लेखपढ् गर्ने मानिसलाई अपार हर्षको कुरा भयो । यी मित्रमण्डलीसित लामो समयसम्म बसउठ गर्दा मैले भन्ने गर्रे 'तपाईंहरु जे विषय पढ्नोस् वा पढाउनोस् त्यसको जग बलियो पार्न दर्शनशास्त्रको ज्ञान राख्नोस् । पहिले आˆनै पूर्वीय, त्यसपछि पश्चिमा, अनि सकेमा मुलभित्र पसेर अन्य शाखाहरु ।

यस आदतबाट हामीलाई धेरै विषय बुझ्न मद्दत पुग्नेछ भन्ने लाग्छ ।

सायद आउने समयमा यो काम अघि बढ्दै होला। यहाँ म 'सायद' भनिरहेछु किनभने अहिले औसत मानिसलाई, पढ्नै पर्ने बाध्यता भएका मानिसलाई पनि स्वाध्यायका लागि समय निकाल्न कठिन भैरहेछ । धेरै र परिश्रमपूर्वक लेखपढ नगरी देश हाँक्ने कुर्सीमा पुगेका अनि त्यहाँ गएर के गर्ने भन्ने सोच नभएकाहरु देशको नेतृत्वदायी कुर्सीहरूमा छ्यासछ्यास्ती छन् र ती धेरै महत्त्वपूर्ण कुर्सीमा अटेसमटेस गरी बसेकाले देशका धेरै क्षेत्रमा हावी छन् । बिडम्बना के भने अहिले ती हामी आफूलाई प्राज्ञ भनाउनेहरूका पनि मोडेल बनेका छन् ।

रूचीका हिसाबले दर्शन विषय आफैंमा पढ्ने रूची जगाउने विषय होइन । यो अरु पढाइबाट पढ्ने बानी बसालेपछि पढ्न सकिने विषय हो। तर यस पढाइले जीवनभरि सहयोग गरिरहन्छ। हामीले पढेका अरु ज्ञानलाई पनि दर्शनको अतिरिक्त ज्ञानले अर्थ प्रदान गर्छ । यसैले दर्शनलाई सबै ज्ञानको दिदी मानिन्छ ।

यस संक्षिप्त लेखमा नेपाली समाज र संस्कृतिमा देखिएका जीवन दर्शनसम्बन्धी केही दृष्टिकोण (worldview) र व्यवहारको चर्चा गरिनेछ । यसमा कुनै एक वा बढी शास्त्रीय दर्शन विधाको चर्चा नगरी समग्रमा मानिसले व्यवहारिक जीवन र जगतका संचालन नियमहरूको परिधिमा रहेर निर्माण गरेका केही संस्कारगत मूल्य मान्यता एबम् व्यवहारको सान्दर्भिकतालाई मात्र चर्चाको विषय बनाइएको छ ।

सभ्यताको इतिहास पल्टाउँदा मानिस आदिम युगदेखि नै एक्लो छैन । उसको यात्रा सामूहिक छ। प्रकृतिका विविध स्वरूप वा पक्ष आफूवरिपरिको वातावरणमा सहजरूपले मिश्रित हुन, आवश्यकतानुसार त्यसलाई आफ्नो पक्षमा पार्न र आफू बलियो हुन सामुहिक रूपमै विविध तकनिकी प्रयोगहरु गरी ऊ अगाडि बढ्यो । उसले आफ्ना अनेक सहयात्रीलाई पछाडि पायो । मानिस उर्जाशील त थियो नै उसले त्यस उर्जा वा श्रमलाई विविध ढङ्गले उत्पादनमुखी र समूहको वृहत् हितमा विवेकपूर्ण ढङ्गले लगानी गर्न जान्यो । थुप्रै जीवजन्तुहरूको बथानमा आˆनो विशेष योग्यता प्रदर्शित गर्दै शारीरिक तथा मानसिकरूपले विकसित हुँदै समयको दुरी पार गर्दै जाने वर्तमान मानव समूहको आदिपुर्खा वास्तवमै विशिष्ट थियो । प्रागइतिहासविद्, मानवशास्त्रीहरूले उसलाई (एउटा निश्चित समय र अवस्थामा पुगेपछि) बुद्धिमान मानव (Homo Sapiens Sapiens) भने । यो मानिस ज्ञानी र विवेकशील पनि थियो। उसमा क्रमशः तर्क र सोच्ने शक्तिको पनि विकास हुँदै थियो । यसरी विकसित हुँदै यस युगमा आउनु भनेको मानिसले तय

गरेको एउटा ज्यादै लामो समयको दुरी विविध युगान्तकारी आविस्कारहरु र अप्ठेराहरूमाथि विजय, आफू वरिपरिको वातावरणसितको सन्तुलन नै थियो । समय र स्रोतको उचित तरिकाले प्रयोग गरेकोले त्यो उर्जाको रूपमा परिणत तथा विकससित भई त्यसले मानवसभ्यता र संस्कृतिको द्रुत विकास सम्भव भएको हो। यसैले एक प्रसिद्ध अमेरिकी मानवशास्त्री लेस्ली ह्वाइट (Leslie White) ले संस्कृतिलाई मानिसले लगानी गरेको उर्जाको प्रतिफल भनेर परिभाषित गरेका छन् । क्रमश......

# गर्मीमा चिसो पानीको प्रभाव

काठमाडौं । गर्मीका महिनामा चिसो पानी पिउँदा हाम्रो शरीरमा कस्तो प्रभाव पर्न सक्ला ? चिसो पानी पिउनु सामान्य कुरा लाग्न सक्छ । तर यसको प्रभाव धेरै हुन्छ । जाडोको तुलनामा गर्मीमा हामीले आˆनो शरीरको विशेष ध्यान राख्न जरूरी हुन्छ । गर्मीमा शरीरमा सही तापमान बनाएर राख्न जरूरी हुन्छ । यसमा हामी गर्मीमा चिसो पानी पिउँनाले शरीरमा हुन सक्ने सम्भावित प्रभावहरूबारे जानिराखौं ।

गर्मी लाग्ने बित्तिकै मानिसहरु चिसो पानी वा सर्वत खान थाल्छन् । चिसो पानीले ताजगी दिन्छ । तर लामो समयसम्म यसको सेवनले स्वास्थ्यलाई उल्टै हानी पुऱ्याउँछ । मौसम परिवर्तन हुने समयमा यसको सेवन झन् हानिकारक हुन सक्छ ।

विभिन्न अनुसन्धानहरूले चिसो पानी पिउँनुका फाइदा र बेफाइदा दुवै औंल्याएका छन्, जसले स्वस्थ जीवनशैलीका लागि सन्तुलित दृष्टिकोण अपनाउन सुझाउँछ ।

फाइदा के छ ?

विभिन्न अनुसन्धानहरूले गर्मीमा चिसो पानी (१५(१६ डिग्री सेल्सियस)ले शरीरलाई तुरून्त हाइड्रेट गर्छ, जसले डिहाइड्रेशन, थकान, र हीट स्ट्रोकको जोखिम कम गर्छ । अनुसन्धानहरूले चिसो पानीले शरीरको तापमान सन्तुलनमा राख्ने र मानसिक ताजगी बढाउने बताएको छ। विशेष गरी, व्यायामपछि वा तातो वातावरणमा काम गर्नेहरूका लागि यो उपयोगी मानिन्छ ।

बेफाइदा के छ ?

अत्यधिक चिसो पानी पिउँदा पाचन प्रणालीमा असर पर्न सक्छ । आयुर्वेद र केही आधुनिक अध्ययनहरूले चिसो पानीले पाचन एन्जाइमहरूलाई सुस्त बनाउने र अपच वा कब्जियत निम्त्याउने जोखिम औंल्याएका छन् । साथै, संवेदनशील दाँत भएकाहरूलाई सिरिङ्ग हुने वा गलामा खसखस हुने समस्या देखिन सक्छ । केही अनुसन्धानले चिसो पानीले मांसपेशीमा तनाव वा ऐंठनको सम्भावना पनि देखाएका छन् । चिसो पानीले भेगस नसालाई उत्तेजित पारेर मुटुको गति कम गराइदिन्छ । यो नसा शरीर र स्नायु प्रणालीको महत्त्वपूर्ण अङ्ग भएको अनुसन्धानले देखाएको छ । चिसो पानीले यो स्नायुलाई उत्तेजित गर्छ र मुटुको धड्कन कम गरिदिन्छ ।

गर्मीमा चिसो पानी पिउनु सामान्यतया राम्रो छ किनभने यसले तुरून्त हाइड्रेशन र ताजगी दिन्छ । तर, अत्यधिक चिसो पानीले पाचन र दाँतमा असर गर्न सक्छ । अनुसन्धानहरूले चिसो पानी र गुनगुने पानी दुवैका फाइदा र बेफाइदा औंल्याएका छन्, त्यसैले मध्यम तापमानको पानी र इलेक्ट्रोलाइट्सयुक्त पेयलाई प्राथमिकता दिनु उत्तम हुन्छ । गर्मीमा पसिनाले निस्कने पानी र नुनको कमी पूर्ति गर्न पर्याप्त तरल पदार्थ पिउनु जरूरी छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि: दमक: ०२३-५८०९१४
जनक कार्की : ९८५२६७०१७४/९८०१४०१४४१
भगवान बस्नेत : ९८५२६७००३१
भट्टा सम्पर्क : ९८०१४१४०४२/९८०१४०१४०

# "वाचा गरौं" बोलको गीतको भिडियो सार्वजनिक

गायिका अन्जु पन्त र गायक सुगम पोखरेलको स्वर रहेको 'वाचा गरौं' बोलको गीतको भिडियो सार्वजनिक भएको छ।

गीतकार डा. रमिल अधिकारीको शब्द शृजना रहेको 'वाचा गरौं' मा ज्ञानेन्द्र गिरीको संगीत सृजना रहेको छ। एक रोमान्टिक प्रेमील जोडीको बेजोड अभिनय रहेको भिडियोमा आकाश श्रेष्ठ र करूणा श्रेष्ठको रोमान्टिक अभिनय देख्न सकिन्छ।

वाचा गर्दै मायासँग माया छर्ने प्रण गरेको प्रेमील जोडी आकाश र करूणाका माध्यमबाट निर्देशक प्रकाश धितालले सफल प्रेमको मिठो कहानी आफ्ना दर्शकहरूमाझ पस्किएका छन्।

गीतकार डा. रमिल अधिकारीका यसअघि 'विन्दास नाच्ने हो', 'हाम्रो जे भने नि तिमी', 'जिउने चाहना'लगायतका गीत बजारमा आइसकेका छन्। उनका गीतलाई दर्शकले निकै रूचाएका छन्।

कोशी प्रदेश सरकारले प्रदेशभित्रका पालिकाहरूलाई २२ करोड रूपैंया वित्त हस्तान्तरण गर्ने निर्णय गरेको छ । कोशी प्रदेश सरकारको आइतवार बसेको मन्त्रीपरिषद्को बैठकले यस्तो निर्णय गरेको हो ।

प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानूनमन्त्री रेवतिरमण भण्डारीका अनुसार प्रदेश सरकारले स्वीकृत गरेका योजनाहरूलाई यही आर्थिक वर्षमा सम्पन्न गर्नका लागि सो रकम बराबरको वित्त हस्तान्तरण गर्ने निर्णय भएको छ ।

यस्तै मन्त्रीपरिषद्को बैठकले विपद् व्यवस्थापन नियमावली २०८२ लाई अध्ययनका लागि समितिमा पठाउने निर्णय भएको मन्त्री भण्डारीले बताए ।




आज मिति
२०८२ साल
वैशाख १९ गते
शुक्रबार
02 May. 2025
तिथि: पञ्चमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | राम्रै आम्दानी । परोपकारमा मन लाग्ने । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | शुभकर्ममा खर्च । सामान्य शारिरीक कष्ट । |
| मिथुन | का कि कु घ ङ छ के को हा | आम्दानी बढ्ने । आफन्तबाट सहयोग । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | पारिवारिक सुख । रोजगारीको अवसर । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | मित्रबाट सहयोग । कार्य सिद्धि । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | सामान्य देह पीडा । व्यवसायबाट लाभ । |
| तुला | रा री रु रे रो ता ती तु ते | अधुरो काम बन्ने । उत्तम भोजन । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मान सम्मान बढ्ने । व्यवसायबाट लाभ । |
| धनु | य यो भा भी भ धा फा ढ भे | हिम्मत बढ्ने । शिक्षामा सफलता । |
| मकर | भो जा जी खि खू खे खो गा गी | लेनदेनमा समस्या । हुन आँटेको काम रोकिने । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | व्यापारमा लाभ । प्रेममा सफलता । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मित्रबाट सहयोग । आयमुलक कार्य गर्नु पर्ला । |

# मजदुर दिवसमा मजदुरद्वारा रक्तदान



**दमक/** १३६ औं अन्तराष्ट्रिय श्रमिक दिवसका अवसर पारेर विहिबार दमकमा आयोजित रक्तदान कार्यक्रममा ४३ पिन्ट रगत संकलन भएको छ ।

नेपाल यातायात मजदुर संघ हलुका सवारी ईकाइ समिति दमकले बसपार्क हातामा आयोजना गरेको रक्तदानमा एक महिलासहित ४३ जनाले रगत दिएका छन् । रक्तदानमा संस्थाका अध्यक्ष खड्ग पाण्डे, ट्राफिक प्रहरी कार्यालय दमकका प्रहरी नायव निरीक्षक जनक तिम्सिना लगायतले रगतदान गरेका उपाध्यक्ष भिम पौडेलले बताए ।

दमक रेडक्रसको प्राबिधिक सहयोगमा भएको रक्तदानमा सहभागिहरूलाई शिरीष, जामुना, अम्बक लगायतको बिरूवा हस्तान्तरण गरिएको संस्थाका सचिव डिल्ली प्रसाद अधिकारीले जानकारी दिए ।

नेपाली कांग्रेस झापा क्षेत्र न. ५ का सभापति ढुण्डिराज भण्डारीको प्रमुख आतिथ्यतामा भएको सो कार्यक्रममा दमक ६ का वडा अध्यक्ष टेकबहादुर थापा,दमक उद्योग बाणिज्य संघका अध्यक्ष गोपाल गुरागाई, ईलाका प्रहरी कार्यलय दमकका प्रहरी निरीक्षक नवीन राई, जीवन चक्र समाजका अध्यक्ष गणेश गौतम,दमक बसपार्क व्यवस्थापन समितिका अध्यक्ष गंगा सिटौला,नेपाल यातायात मजदुर संघका केन्द्रीय सदस्य डार्विन संग्रौला, कोशी प्रदेश उपाध्यक्ष गान्धी प्रसाद भण्डारी, प्रदेश सदस्य गौतम कुमार लामा लगायत मजदुरहरूको उपस्थिति रहेको थियो ।

सोहि अवसरमा संस्थाले ट्राफिक प्रहरी कार्यालय दमकलाई १० थान सांकेतिक बेल्ट प्रदान गर्नुका साथैं सडक दुर्घटना न्यूनीकरण सम्बन्धी सवारी चालक तथा यात्रीहरूलाई जनचेतनामूलक प्रशिक्षण कार्यक्रम समेत गरिएको अध्यक्ष पाण्डेले बताए । कार्यक्रममा इलाका प्रहरी कार्यालय दमकका प्रहरी निरीक्षक नविन राईले यातायात मजदुर तथा चालकहरूले सवारी नियमका बारेमा अनुशिक्षण गराएका थिए ।

अन्तर्राष्ट्रिय समाचार

# भारत-पाक विवादमा अमेरिकी चासो

**एजेन्सी/** अमेरिकाले भारत र पाकिस्तानलाई दुई देशबीचको तनावपूर्ण अवस्थालाई कम गर्नेतर्फ काम गर्न आग्रह गरेको छ । गत हप्ता भारतको कश्मीरको पहलगाम क्षेत्रमा भएको घातक आतंककारी हमलामा २६ जना पर्यटकको मृत्यु भएपछि दुई देशबीचको तनाव बढ्दै गएको अवस्थामा अमेरिकाको यो अपिल आएको हो ।

अमेरिकी विदेशमन्त्री मार्को रूबियोले बुधबार भारतीय विदेशमन्त्री र पाकिस्तानी प्रधानमन्त्रीसँग छुट्टाछुट्टै टेलिफोन वार्ता गरेर दक्षिण एसियामा शान्ति र सुरक्षा कायम राख्न आह्वान गरेको बीबीसीले जनाएको छ ।

भारतले पाकिस्तानमा आश्रय लिएका आतंकवादीले अप्रिल २२मा पहलगाममा गरेको हमलामा पाकिस्तानको समर्थन रहेको आरोप लगाएको छ । तर पाकिस्तानले भने भारतको सो आरोपलाई अस्वीकार गरेको छ ।

बुधबार भारतले पाकिस्तानी विमानहरूका लागि आफ्नो वायुसीमा बन्द गर्ने घोषणा गरेको छ । हमलाको निन्दा गर्न पाकिस्तानलाई अमेरिकी दबाब अमेरिकी विदेशमन्त्रीले पाकिस्तानी प्रधानमन्त्री शहबाज शरीफसँगको टेलिफोन वार्तामा आतंकवादी हमलाको निन्दा गर्न आग्रह गरेका छन् । उनले पाकिस्तानलाई निन्दनीय हमलाको अनुसन्धानमा सहयोग गर्न पनि आग्रह गरेका छन् ।

# अधिकार रक्षामा सचेत रहन मजदुरलाई आब्ह्वान

**विर्तामोड/** राष्टियसभाका सदस्य एवं नेपाली कांग्रेसका नेता गोपालकुमार बस्नेतले आफ्नो कर्तब्य पालना गरेर अधिकार रक्षाका लागि सचेत हुन मजदुरलाइ आह्वान गरेका छन् ।

नेपाल ट्रेड युनियन कांग्रेस झापाले १३६ औं श्रमिक दिवसको अवसर पारेर आयोजना गरिएको श्रमिक सभालाई प्रमुख अतिथिको आशनबाट सम्बोधन गर्दै यस्तो आह्वान गरेका हुन् ।

विपीले गरिब किसान र मजदुरको फोटो हेरेर देशको योजना बनाउन आग्रह गर्नुभएको प्रसंग सम्झदै नेता बस्नेतले मजदुरको भलाईका लागि काम गर्न राजनीतिक दल, पेसागत संगठन र सरकारलाई आग्रह गरे । कार्यक्रममा बोल्दै नेपाल चिया बगान श्रमिक संघका केन्द्रीय अध्यक्ष दीपक तामांगले ऐन नियमको पालना, सामाजिक सुरक्षा र पेशागत हकहितका लागि मजदुर एकता जरुरी रहेको बताए । कार्यक्रममा बोल्दै नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाईंले विपीको मार्गदर्शन अनुसार मजदुरको उन्नति, प्रगति र अधिकार रक्षाका लागि काम गर्नुपर्ने बताउँदै शिक्षा, स्वास्थ्यमा लोककल्याणकारी नीति अपनाउनुपर्छ भन्ने पार्टीको स्पष्ट नीति रहेको उल्लेख गरे ।

कार्यक्रममा ट्रेड युनियन कांग्रेसका केन्द्रीय सदस्य उर्मिला ढकाल पोखरेल, कोशी प्रदेश उपाध्यक्ष गंगाप्रसाद ओडारी, नेपाली कांग्रेस विर्तामोड २ का वडा सभापति देवीप्रसाद खरेल, दीपक काफ्ले लगायतले शुभकामना दिएका थिए । नेपाल ट्रेड युनियन कांग्रेस झापाका सभापति यज्ञप्रताप अधिकारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष राजकुमारी शेर्पा राई र सञ्चालन सचिव जीवन खड्काले गरेका थिए ।

# दुई दिने प्रस्ताव लेखन तालिम

**बनियानी/** कचनकवलमा दुई दिने प्रस्तावना लेखन तालिम सम्पन्न भएको छ । कचनकवल २ स्थित सकुनाडिगी सामुदायिक भवनमा वैशाख १७ र १८ गते सञ्चालन भएको हो । एसएनजेडीको आयोजना तथा लुथरन विश्व फेडेरेसन नेपालको आर्थिक सहयोगमा सम्पन्न उक्त तालिमले स्थानीय तहका प्रतिनिधिहरू र समुदायस्तरका सहभागीहरूलाई प्रस्ताव लेखन सम्बन्धी आधारभूत सीप र ज्ञान प्रदान गरेको थियो ।

तालिममा कचनकवल गाउँपालिकाका विभिन्न वडाबाट करिब २० जना सहभागीको सक्रिय सहभागिता रहेको थियो । सहभागीहरूले परियोजना अवधारणा विकास, समस्या पहिचान, लक्ष्य निर्धारण, क्रियाकलापको स्पष्ट व्याख्या, बजेट निर्माण र प्रस्ताव पेश गर्ने तरिकाका विषयमा व्यावहारिक अभ्याससहित सिकेका थिए । तालिममा बुधबारे जेसीज २०२४ का अध्यक्ष दुर्योधन सिंह राजपूत (देव)ले सहजीकरण गर्दै सहभागीहरूलाई अनुभव आधारित अभ्यास गराएका थिए। तालिमलाई सहभागीमैत्री बनाउने उद्देश्यले समूहगत छलफल, प्रस्तुति, र प्रतिक्रिया सत्रसमेत सञ्चालन गरिएको थियो ।

एसएनजेडीका कार्यक्रम अधिकृत सुरज दंगालका अनुसार, “स्थानीय तहमा कार्यरत वा क्रियाशील व्यक्तिहरूले आफैं प्रभावकारी प्रस्ताव तयार गर्न सकून् भन्ने उद्देश्यले तालिम आयोजना गरिएको हो। यसले उनीहरूलाई विकास परियोजना तयार पार्न र दातृ निकायसँग समन्वय गर्न सक्षम बनाउनेछ ।”

समापन समारोहमा सहभागीहरूले तालिम उपयोगी रहेको प्रतिक्रिया दिएका थिए र यस्ता कार्यक्रम निरन्तर रूपमा आयोजना गरिनुपर्ने आवश्यकता औंल्याएका थिए ।

**भारतदेखि**....लगानीकर्तासमक्ष पेश गरिनेछ । साथै, संघीय सरकार, स्थानीय तह र लगानीकर्ताबाट प्राप्त आयोजनाको समेत सम्भाव्यता अध्ययन गरी लगानीका लागि निम्त्याइने वताइएको छ ।

यसैबीच, सो लगानी सम्मेलनमा फेल भएका सरकारी परियोजनादेखि विवादमा परेका निजी परियोजनासम्म राखेको पाइएको छ । प्रदेश सरकारले नै महत्व दिएर सुरू गरेको 'कोशी रिफ्रेसमेन्ट सेन्टर' र विवादमा परेको गोकुलम रिसोर्टसम्मका परियोजना सूचीमा छन् । कोशी प्रदेश सरकारले झण्डै ३५ करोड रूपैयाँ खर्च गरिसकेको प्रदेश गौरवको आयोजना 'कोशी रिफ्रेसमेन्ट सेन्टर' अलपत्र अवस्थामा छ । अहिले त्यसबाट हात झिकेर निजी क्षेत्रलाई दिने तयारीसहित सम्मेलनमा प्रसताव गरिएको छ । २०७७ सालदेखि निर्माणाधीन आयोजनालाई प्रदेश सरकारले धेरै महत्वका साथ प्रचारप्रसार गर्दै सुरू गरेको थियो ।

सुनसरी र मोरङको सिमानामा बग्ने बुढी खोलाकै जग्गा ओगटेर संरचना बनाइएको विवादमा परेको र २ वर्षदेखि कर नबुझाएको गोकुलम रिसोर्ट पनि प्रदेश सरकारको लगानी परियोजना सुचीमा छ । गोकुलम रिसोर्टका सञ्चालक रमेश कार्की हुन् । उनी स्थानीयलाई ठगी गरेर फरार छन् । विराटचोकमा रहेको कार्की ज्वेलर्स सञ्चालक रहेका कार्कीले धेरै व्यक्तिको पैसा लिएर नतिरेको भन्दै प्रहरीमा उजुरी दर्ता भइसकेको छ ।

रिफ्रेसमेन्ट सेन्टरमा प्रदेश सरकारले लगानी गरेको पैसा फिर्ता लिएर मात्र निजी क्षेत्रसँग सम्झौता गरिने प्रदेश लगानी प्राधिकरणका कार्यकारी प्रमुख डा. सरोज कोइरालाले बताएका छन् । डुबेका लगानीकर्ताको पनि संरक्षण गर्ने सरकारी नीति भएकोले गोकुलमलाई परियोजनामा राखेको सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले जानकारी दिए ।

**शिक्षक**....ऐन जारीका लागि मिति तोक्नुपर्ने अडान कायम राखेका छन् । सोही आधारमा वार्तामा दुई पार्टीका प्रमुख सचेतक र शिक्षा समितिअन्तर्गत उपसमितिका संयोजक छविलाल विश्वकर्मालाई बोलाइएको थियो । सरकारले संसद्ले गर्नुपर्ने विषयमा सहमति दिन नसक्ने जनाएको थियो ।

चैत २० देखि शुरु भएको प्रदर्शन २५ गतेबाट आम शैक्षिक हड्तालमा परिणत भएको थियो । मंगलवार सकरात्मक भएको वार्ता बुधबार सहमतिमा पुगेको हो । मंगलवार तीनजना मन्त्रीले महासंघले उठाएका मागको बारेमा मन्त्रिपरिषद्को बैठकले निर्णय गर्ने आश्वासन दिएअनुरूप बुधबार सहमति भएको हो ।

आम शैक्षिक हड्तालका कारण ५५ लाख विद्यार्थीहरु घरमै बस्न बाध्य भएका छन् भने ५ लाख विद्यार्थी कक्षा १२ को परीक्षा कुरिरहेका छन् । करिब ३५ हजार सामुदायिक विद्यालय ठप्प छन् । महासंघको माग पूरा गर्न प्रतिपक्ष दल माओवादी केन्द्रसहित विपक्षी सबै दलले माग गरेका थिए । प्रतिनिधिसभाको बैठकमा शिक्षक महासंघको विषय उल्लेख नगरेपछि प्रतिपक्ष दलले आपत्ति जनाएका थिए ।

**सिलिन्डर**...... भन्ने चान्छन् । पालो मिचेर ग्यास पुराउन सक्दिन, उनले भने- पालो मिच्यो भने कस्टुमर रिसाउनछन् । विहान ९ बजेदेखि बेलुका ८ बजेसम्म ग्यास पुऱ्याउने गरेको उनी बताउँछन् । इमान्दारीपूर्वक लगावका साथ नलजाई काम गरेको खण्डमा विदेशमा सामान्य श्रमिकले पाउने भन्दा राम्रो पैसा यहि कमाउन सकिने आँट, साहस र हिम्मत हुनुपर्ने र सोही अनुसार विदेश जाने युवाहरूलाई भन्ने, सम्झाउने गरेको पनि उनी बताउँछन् ।

**एक पोका**...स्थापना गरिएको जानकारी दिए ।

ल्याब स्थापना भएसँगै भद्रपुर र झापाको दक्षिणी भेगका बिरामीले रगतको कम्पोनेन्ट तथा अन्य परीक्षणको लागि अन्यत्र धाउनुपर्ने बाध्यता हटेको छ । भद्रपुरमा २०३९ सालमा शुरू भएको आकस्मिक रक्तसञ्चार सेवा केन्द्र हाल आधुनिक ल्याबसहितको रक्त सञ्चार सेवामा परिणत भएको छ । झापामा छ वटा रक्तसञ्चार सेवा मार्फत रगत व्यवस्थापन गर्दै आएको छ ।

यता, झापामा नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार सेवा अन्तरगत चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा १६ हजार तीन सय २५ युनिट रगत संकलन गरिएको छ । झापाको भद्रपुर, बिर्तामोड र दमकमा सञ्चालित रक्त सञ्चार केन्द्र मार्फत सोही अवधिमा १७ हजार दुई सय ३४ युनिट रगत बिरामीलाई वितरण समेत गरिएको रक्त सञ्चार सेवा केन्द्र झापा शाखाले जनाएको छ ।

# कवर्डहल निर्माण

**कनकाई/** झापाको कनकाई नगरपालिका-४ स्थित इलुवाबारीमा कवर्ड हल निर्माण हुने भएको छ । कनकाई नगरपालिकाका नगरप्रमुख राजेन्द्रकुमार पोखरेलले बिहीबार एक कार्यक्रमका बीच कवर्ड हलको शिलान्यास गरे ।

कार्यक्रममा कनकाई नगरपालिका वडा नं. ४ वडाध्यक्ष रोषन सुवेदीले सघन सहरी विकास मन्त्रालयबाट प्राप्त भएको रु एक करोड बजेट प्राप्त भए पनि रु ८० लाख टेण्डर लागेको बताए । कनकाई माविको चार बिघा जग्गा भाडामा लिएर नगरपालिकाले कवर्ड हल निर्माण गर्न लागेको बताए । कवर्ड हल निर्माणको ठेक्का केपी पाथीभरा कन्ट्रक्सन प्रालि कनकाई-६ ले पाएको छ । ठेकेदार भोला खड्काले सम्झौता अवधिभित्रै गुणस्तरीय कवर्ड हल निर्माण गर्ने बताए ।

# संयुक्त पहिचानवादी मोर्चाको संयोजकमा पालुङ्वा

**झापा/** संयुक्त पहिचानवादी मोर्चा झापाको संयोजकमा एलवी पालुङ्वा चयन भएका छन् । जिल्लाको बिर्तामोडमा विहिबार भएको मोर्चाको भेलाले पालुङ्वालाई सर्वसम्मतरूपमा संयोजक चयन गरेको हो । चार वटा पहिचानवादी पार्टीहरूको एकीकरणपछि संयुक्त पहिचानवादी मोर्चा गठन भएको हो । केपी पालुङ्वाले नेतृत्व गरेको नेपाल जनमुक्ति पार्टी, डा. महेन्द्र लावतीले नेतृत्व गरेको पहिचानवादी मोर्चा, ज्ञानबहादुर गुरूङले नेतृत्व गरेको नागरिक उन्मुक्ति पार्टी र डकेन्द्रसिंह थेगिमले नेतृत्व गरेको पहिचानका लागि प्रदेश नम्वर १ पुनः नामांकन अभियान समिति एकीकरण भएर संयुक्त मोर्चा तयार भएको हो ।

मोर्चाको सह-संयोजकमा भवानीविक्रम सेलिङ, दिनेश किराती मावो, हरि चौधरी, नीरबहादुर राई, कालिबहादुर खेवाङ, गंगा दुलाल ,संगम खनाल , थीरबहादुर खवास र सदस्य सचिवमा प्रमेश थापा चयन भएका छन् । पालुङ्वाको नेतृत्वमा ७९ सदस्यीय झापा जिल्लाको मोर्चा तयार भएको हो । त्यस्तै १३ सदस्यीय सल्लाहकार समिति समेत गठन भएको छ । छरिएर रहेका पहिचानवादी शक्तिहरूलाई एकीकरण गर्ने अभिप्रायले जिल्ला नेतृत्व तयार गरिएको संयोजक पालुङ्वाले बताए ।

पहिचानवादी मोर्चाका जिल्ला संयोजक अग्निमाया मेचेको अध्यक्षतामा भएको कार्यक्रममा संयुक्त पहिचानवादी मोर्चाका संयोजक डकेन्द्र सिंह थेगिमको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि थेगिम, नेपाल जनमुक्ति पार्टीका केन्द्रीय उपाध्यक्ष भक्त खेवाङ, संयुक्त पहिचानवादीका नेता त्रिनारायण राजवंशी, संयुक्त पहिचानवादी मोर्चाका सचिवालय सदस्य खगेन्द्र माखिम, नेपाल जनमुक्ति पार्टीका नेता संजुहाङ पालुङ्वा, ज्ञानवहादुर गुरूङ,नागरिक उन्मुक्ति पार्टीका संघीय अध्यक्ष ज्ञानवहादुर गुरूङलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

पहिचानवादी मोर्चाका सदस्य सचिव प्रमेश थापा मगरले स्वागत गरेको कार्यक्रमको संचालन जनमुक्ति पार्टी झापा सचिव पदम कन्दङ्वाले गरेका थिए ।

## घरेलु हतियार प्रयोग गरी घाइते

**दमक**/देउरानी र जेठानीबीच जग्गा विवादमा हुँदा हुँदै झगडा हुँदा जेठानी घाइते भएकी छन् । मुगुको छायाँनाथ रारा नगरपालिका- १२ लुम्स गाउँमा देउरानी वर्ष २५ की बिमला बुढाले जेठानी वर्ष ३६ की दुर्गा ऐडिलाई घरेलु हतियार बाउसो प्रहार गरेर घाइते बनाएको उनकै ससुराले बताएका छन । देउरानीले जेठानीलाई घरेलु हतियार बाउसो प्रहार गरी गम्भीर घाइते बनाएकी छन् । घरका ससुरा बाचुराम ऐडिका अनुसार कुनिउखात भन्ने स्थानको जग्गा तीन भाइमध्ये कसैलाई भागबण्डा नगरिएको र त्यही जग्गा देउरानीले मेरो भाग हुनुपर्छ र जेठानीले मेरो भागमा हुनुपर्छ भन्ने विवादले झगडा भएको थियो ।

# नकलबन्दा स्पोर्टिङ क्लबको अध्यक्षमा गुरुङ्ग

**मेचीनगर/** नकलबन्दा स्पोर्टिङ क्लबको अध्यक्षमा पुनः भक्त गुरूङ्ग चयन भएका छन् । नकलबन्दा समाज विकास समितिको सभाहलमा बिहीबार सम्पन्न संस्थाको प्रथम साधारणसभाबाट दुई वर्षे कार्यकालका लागि अध्यक्षमा गुरूङ्ग चयन भएका हुन् । त्यसैगरी, संस्थाको उपाध्यक्षमा हिरा सुर्खेती, सचिवमा सुरज तामाङ, कोषाध्यक्षमा निखिल खड्का तथा सदस्यहरूमा सञ्जु कार्की, प्रज्वल बस्नेत, रामबहादुर गुरूङ्, किशोर उपरकोटी र विकुल खडिया चयन भए ।

मेचीनगर-५ का वडा अध्यक्ष कनकबहादुर कार्कीको प्रमुख आतिथ्यता भएकोसो कार्यक्रममा मेचीनगर-५ का वडा सदस्यहरू पुष्पकुमार गेलाल, माया प्याकुरेल, निवर्तमान वडा सदस्यहरू मेघराज गेलाल, नारायण खड्का, नकलबन्दा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष केशरप्रसाद तिम्सिना, पूर्व अध्यक्ष होमराज गुरूङ्, संस्थाका सल्लाहकार संयोजक पर्शुराम पराजुली, नकलबन्दा समाज विकास समितिका अध्यक्ष इन्द्र तामाङ, समाजसेवी रामबहादुर गुरूङ्गलगायतको आतिथ्यता रहेको थियो । मिति २०८१ माघ ७ गते संस्था दर्ता भएकोले संस्थाले समाजमा रहेका युवा वर्गहरूलाई समेटेर उनीहरूको खेलकुद क्षेत्रमा क्षमता विकास गर्ने उद्देश्य लिएर स्थापना गरिएको नकलबन्दा स्पोर्टिङ क्लबले खेलकुदसँगै स्वास्थ्य, शिक्षा, स्वास्थ्य, सरसफाईको क्षेत्रमा गतिविधि सञ्चालन गर्दै आइरहको छ ।

**छुट्टाछुट्टै**.....गरेको मे ५ प ९२१४ नम्बरको मोटरसाइकल र बिपरीत दिशाबाट जाँदै गरेको प्र.१-०१-००२ च ५२६ नम्बरको बोलेरो पिकअप गाडी एक आपसमा ठक्कर खाई दुर्घटना भएको थियो । दुर्घटनामा मोटरसाइकल चालक बिर्तामोड ५ बस्ने ३६ वर्षीय लिलाराज संजेल र सोही मोटरसाइकलमा पछाडी सवार अर्जुनधारा वडा नं. ५ बस्ने लालबहादुर राजवंशी घाइते भई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको थियो । मोटरसाइकल चालक संजेलको उपचारको क्रममा गएराति मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ । मोटरसाइकल, बोलेरो पिकअप र पिकअप चालक इलाम सन्दकपुर २ बस्ने २४ वर्षीय सुसन गुरूङलाई इलाका प्रहरी कार्यालय बुधबारेले नियन्त्रणमा लिएको छ । झापामा बुधबार पनि सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको थियो ।

# कृषिथोक बजार अख्तियारमा

**बिर्तामोड/** झापाको बिर्तामोड नगरपालिका-५ स्थित कृषिथोक बजार व्यवस्थापन समितिले 'हिनामिना' गरेको भन्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । कृषिथोक बजार व्यवस्थापन समितिका अध्यक्ष समेतको मिलेमतोमा हिनामिना भएको भन्दै उजुरी परेपछि यथार्थ छानबिनसँगै आवश्यक कारबाही गर्न कृषि विभाग हरिहरभवन ललितपुरलाई अख्तियारले पत्र काटेको हो । अख्तियारले कोटेको पत्रमा 'कृषि बजार व्यवस्थापन समितिले खरिद गर्दा खरिद कानूनको पूर्ण रूपमा पालना नगरेको, बिल भर्पाईहरू भुक्तानी दिंदा समितिले अनुमोदन गरेको नदेखिएको, अन्य जे-जति भए गरिएका कार्यहरू प्रायजसो बजार व्यवस्थापन समितिको निर्णय बिना गरिएको सम्बन्धमा प्रचलित कानून बमोजिम गर्नु गराउनुहुन' उल्लेख छ ।

न्यू नेपाल सुनचाँदी पसल
अब आफ्नै भवनमा

विगत १३ वर्षदेखि दमकमा सुनचाँदी व्यवसायी गर्दै आम ग्राहकहरुको मन जित्न सफल **न्यूँ नेपाल सुन-चाँदी पसल** अब एड्भान्स हस्पिटल छेउमा रहेको पुरानो पसल भन्दा थोरै उत्तर आफ्नै भवन नेपाल कम्प्लेक्समा सरेको आम ग्राहक महानुभावहरुमा जानकारी गराउँदछौं । तपाईहरुको खोजी र रोजी तथा अर्डर बमोजिमका गर-गहनाहरु उपलब्ध गराउने हाम्रो प्रयास रहनेछ ।

प्रो. प्रेमराज नेपाल




Call:9852631837#9862647445

फाल्गुनन्द चोक (झापा) एन.आइ.सि. बैंकको तल्लो घर

तपाईको दाँतमा कुनै समस्या छ ?

नेपाल सरकारबाट मान्यता प्राप्त दमकको एकमात्र ॐ शान्ति डेन्टल हस्पिटलमा

विशेषज्ञ तथा अनुभवी डाक्टरहरु र आधुनिक मेसिनको सहायताले तपाईको जुनसुकै समस्याको पनि समाधान हुनेछ ।



हाम्रा सेवाहरु

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने ३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने । ५) कृतिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुन्नि, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Iral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने । १५ ) दाँतको OPD सेवा ।

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी
फोन: ०२३-५७५९०६

आवद्ध डाक्टरहरु

Dr. C.P. Gaire
Consultant Dental Surgeon
BDS (BPKIHS) Dharan M.D. (KU)

Dr. Hem Raj Gaire
(Senior-Oro-Dental Surgeon)
BDS (BPKIHS) Dharan

Dr. Kasmi Shrestha
Kist Medical College

Dr. Molika Shrestha
Dental Surgeon

Dr. Tanka Neupane
Dental Surgeon
BDS (TU)

Dr. Rahul Gupta
Consultant Ort.

Dr. Smarak Dahal
BDS (TU)

Dh. Sarita Neupane
(Kantipur Dental College)

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, प्रबन्धक: सुवासचन्द्र भट्टराई, कार्यकारी सम्पादक: खगेन्द्र कार्की ले-आउट: सुरेन बस्नेत, सल्लाहकार सम्पादक: पंकज दाहाल
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२/५८१७०७, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com